नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

● वर्ष १ ● अंक ३१९ ● २०८० साल असोज १३ गते शनिबार ● Saturday 30, September 2023 ● सूर्योदय: बिहान ५:५७ बजे ● सूर्यास्त: साँझ ५:५३ बजे ● पृष्ठ ४+४ ● मूल्य रु. ५/-

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

# २३ खर्ब ऋण, प्रतिव्यक्ति ७९ हजार

*तपाईं यस्तो देशमा बाँचिरहनु भएको छ । यहाँ बाँचेबापत तपाईंको टाउकोमा पनि ऋण बढिरहेको छ । सामाजिक सञ्जालबाट आलोचना गर्न पाउनु हुन्छ । त्यो पनि शासकहरुलाई चित्त नबुझे प्रहरी प्रशासन लगाएर थुन्न लगाइदिन्छन् । वाकस्वतन्त्रताका नाममा अराजकतामा नागरिक असन्तुष्टि त पोखिरहेका छन् तर त्यसको निदान न शासकहरुसँग छ, न त जनता नै असन्तुष्टि बाहेक अरु पोख्न सक्छन् । झट्ट हेर्दा चिल्ला सडक, अग्ला घर, सुकिलो जीवनशैली र ठूला नेतासँग पहुँच पनि बढ्दो छ । बिजुली, खानेपानी, सडक, शिक्षालय पनि बनेका छन् । तर यी सब ऋणमा बनेका छन् । 'ऋण गरेर भए पनि घ्यू पिउनुपर्छ' भन्ने मान्यतामा शासकहरु छन् हाम्रा, त्यसको भार चैँ आमनेपाली जनताको टाउको गनेर हिसाब हुन थालेको छ ।*

**मधेशदृष्टि**
**वीरगंज ।**

**कुल ऋणः** २३ खर्ब नौ अर्ब ८६ करोड ९६ लाख रुपैयाँ
**आन्तरिक ऋणः** ११ खर्ब ४० अर्ब ५३ करोड रुपैयाँ
**बाह्य ऋणः** ११ खर्ब ६९ अर्ब ३३ करोड रुपैयाँ

| साल | ऋण |
|---|---|
| २०७३/७४ | ६ खर्ब ९७ अर्ब ६८ करोड |
| २०७४/७५ | ९ खर्ब १७ अर्ब ३१ करोड रुपैयाँ |
| २०७५/७६ | १० खर्ब ४८ अर्ब १५ करोड रुपैयाँ |
| २०७६/७७ | १४ खर्ब ३३ अर्ब ४० करोड रुपैयाँ |
| २०७७/७८ | १७ खर्ब ३७ अर्ब ६३ करोड रुपैयाँ |
| २०७८/७९ | २० खर्ब १३ अर्ब २९ करोड रुपैयाँ |

**आर्थिक वर्ष २०८०/८१:**
**बजेट घाटा पूर्तिः** ४ खर्ब ५२ अर्ब ७५ करोड रुपैयाँ
**आन्तरिकतर्फः** २ खर्ब ४० अर्ब रुपैयाँ
**बाह्यतर्फः** २ खर्ब १२ अर्ब ७५ करोड रुपैयाँ
**साउन र भदौको ऋणः** १० अर्ब ५१ करोड रुपैयाँ ऋण




देश २३ खर्ब नौ अर्ब ८६ करोड ९६ लाख रुपैयाँ सार्वजनिक ऋणको भारी बोकिरहेको तथ्यांक सार्वजनिक भएको छ ।
सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार भदौ मसान्तसम्म नेपालले ११ खर्ब ४० अर्ब ५३ करोड रुपैयाँ बराबरको आन्तरिक ११ खर्ब ६९ अर्ब ३३ करोड रुपैयाँ बराबरको बाह्य ऋण तिर्न बाँकी छ ।
आर्थिक वर्ष २०७९/८० सकिँदा २२ खर्ब ९९ अर्ब ३५ करोड २४ लाख रुपैयाँ ऋण थियो । साउन र भदौ महिनामा थपियो १० अर्ब ५१ करोड रुपैयाँ ऋण । मुलुकको कुल गार्हस्थ्य उत्पादन (जिडिपी)को तुलनामा राष्ट्रिय ऋण दायित्व ४३ प्रतिशत बराबर पुगेको छ ।
नेपालको जिडिपी आकार ५३ खर्ब ८१ अर्ब ३३ करोड रुपैयाा बराबर छ । जिडिपीमा सार्वजनिक ऋणको अनुपात बढ्दै जानु र न्यून पूँजी निर्माणका कारण आर्थिक वृद्धिदरसमेत कमजोर भइरहँदा त्यसले आगामी दिनमा मुलुकको अर्थतन्त्र अरु जोखिममा पर्न सक्छ ।
प्रतिव्यक्ति ऋण दायित्व ७९ हजार दुई सय एक रुपैयाँ पुगेको छ । राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको नेपालको जनगणना २०७८ अनुसार नेपालको कुल जनसंख्या दुई करोड ९१ लाख ६४ हजार पाँच सय ७८ छ । कुल सार्वजनिक ऋण भाग लगाउँदा एकजनाको भागमा ७९ हजार रुपैयाँ भन्दा बढी पर्ने भएको छ ।
सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले सार्वजनिक गरेको सरकारको ऋणको वार्षिक प्रतिवेदनअनुसार गत आर्थिक वर्ष २०७९/८० मा दुई खर्ब ८६ अर्ब पाँच करोड ६० लाख रुपैयाँ थपियो । अघिल्लो आर्थिक वर्ष २०७८/७९ मा नेपालको सार्वजनिक ऋण २० खर्ब १३ अर्ब २९ करोड ६४ लाख रुपैयाँ थियो । पछिल्लो एक दशकमा सार्वजनिक ऋण चार गुणाले बढेको छ ।
आर्थिक वर्ष २०७०/७१ मा नेपालले तिर्न बाँकी ऋण पाँच खर्ब ५३ अर्ब ५० करोड ७० लाख रुपैयाँ थियो जिडिपीमा सार्वजनिक ऋणको अनुपात २८ दशमलव ५१ प्रतिशत मात्रै थियो ।
त्यस्तै, पछिल्लो पाँच वर्षमा मात्र नेपालको सार्वजनिक ऋण दोब्बरभन्दा बढी भयो । आर्थिक वर्ष २०७३/७४ मा नेपालको सार्वजनिक ऋण छ खर्ब ९७ अर्ब ६८ करोड रुपैयाँ पुग्यो । भूकम्प पछिको पुनःसंरचनाका लागि नेपालले ऋण टन्न लिएपछि आर्थिक वर्ष २०७४/७५ मा नौ खर्ब १७ अर्ब ३१ करोड रुपैयाँ पुग्यो । आर्थिक वर्ष २०७५/७६ मा १० खर्ब ४८ अर्ब १५ करोड रुपैयाँ भयो । आर्थिक वर्ष २०७६/७७ मा ऋण बढेर १४ खर्ब ३३ अर्ब ४० करोड रुपैयाँ भयो । आर्थिक वर्ष २०७७/७८ मा १७ खर्ब ३७ अर्ब ६३ करोड रुपैयाँ भयो । आर्थिक वर्ष २०७८/७९ मा २० खर्ब १३ अर्ब २९ करोड रुपैयाँ भयो ।
आर्थिक वर्ष २०८०/८१ को घाटा बजेट पूर्ति गर्न थप चार खर्ब ५२ अर्ब ७५ करोड रुपैयाँ ऋण उठाउने लक्ष्य छ । दुई खर्ब ४० अर्ब रुपैयाँ आन्तरिक र दुई खर्ब १२ अर्ब ७५ करोड रुपैयाँ बाह्य ऋण उठाउने सरकारको लक्ष्य छ ।

## वैभव भित्र



- मधेशका डाक्टरलाई काठमाडौँमा नागरिक अभिनन्दन
- योगले बनाउँछ निरोग र अस्थिर मनलाई स्थिर
- बुद्धजन्मस्थलः लुम्बिनी
- निजी शिक्षकको अन्यौल जिन्दगी
- तिमीलाई चिनेपछि

# राहत शिक्षक र सरकारबीच पाँचबुँदे सहमति



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
शिक्षक महासंघले गरेको सहमतिमा असन्तुष्टि देखाउँदै आन्दोलनलाई निरन्तरता दिँदै आएका राहत शिक्षकले शुक्रबार सरकारसँग पाँचबुँदे सहमति गरेको छ । सहमतिलगत्तै आन्दोलनका सम्पूर्ण कार्यक्रम फिर्ता भएको छ ।
शुक्रबार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा भएको वार्तामा सहमति भएसँगै राहत शिक्षकले आन्दोलन फिर्ता लिएका हुन् । वार्तामा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री अशोक कुमार राई र राज्यमन्त्री प्रमिला कुमारी, नेपाल राहत शिक्षक केन्द्रीय समितिका अध्यक्ष खेमराज अधिकारी र नेपाल शिक्षक महासंघका अध्यक्ष कमला तुलाधरलगायत सहभागी थिए ।
शिक्षा मन्त्री राईले आन्दोलनरत राहत शिक्षकसँग सहमति गरिएको बताए । शिक्षा विधेयकलाई संशोधन गर्ने गरी सहमति गरिएको उनको भनाइ छ । नेपाल राहत शिक्षक केन्द्रीय समितिका अध्यक्ष अधिकारीले ५ बुँदामा सहमति गरिएको बताए । 'शतप्रतिशत आन्तरिक प्रतिस्पर्धा गर्ने गरी सहमति भएको छ,' उनले भने, 'राहत शिक्षक स्थायी भएका खण्डमा अस्थायी सेवा अवधि पनि शतप्रतिशत नै गणना गर्ने सहमति भएको छ, हामीले अहिलेलाई आन्दोलन फिर्ता लियौँ ।'
सहमतिबाट सरकार पछि नहट्ने विश्वास आफूहरूको रहेको अधिकारीले बताए । 'राहत शिक्षक संयुक्त आन्दोलन परिचालन समितिसमेतको नामबाट काठमाडौँको माइतीघर–बानेश्वर केन्द्रित विरोधसहितका सबै किसिमका कार्यक्रम अन्त्य गर्ने र सार्वजनिकलगायत सबै किसिमका विद्यालय अध्ययन अध्यापनलाई नियमित गरी पठनपाठन सञ्चालन गर्ने पनि सहमति भएको छ,' उनले भने । शिक्षा विधेयकका कतिपय व्यवस्था संशोधन गर्नुपर्नेजस्ता माग गरेर करिब ४० हजार राहत शिक्षक आन्दोलनमा थिए ।
उनीहरूको आन्दोलनलाई विद्यालय कर्मचारीहरू र पेन्सन वञ्चित शिक्षकले पनि साथ दिएका थिए । विद्यालय कर्मचारी र पेन्सन वञ्चितका माग पनि सम्बोधन गर्ने सहमति भएको छ । मिति २०७६ पछि स्थायी नियुक्ति लिएका तर लामो समय राहत तथा अस्थायी करार उमावि अनुदान दरबन्दीमा कार्य गरेका शिक्षकको हकमा पेन्सनका लागि समयावधि नपुगेमा पुरानो सेवा अवधि जोडेर शिक्षा ऐन २०२८ को व्यवस्थाअनुसार निवृत्तिभरणको व्यवस्था गर्ने सहमति भएको छ ।
यस्तै, योगदानमा आधारित निवृत्तिभरण प्रणाली नयाँ शिक्षा ऐन प्रारम्भ भएपछि नियुक्त हुने शिक्षकबाट लागु गर्ने सहमति पनि भएको छ । सार्वजनिक विद्यालयमा विद्यालय संरचना तथा विद्यार्थी संख्याका आधारमा विद्यालय कर्मचारी दरबन्दी कायम गर्ने सहमति पनि भएको छ ।
सरकारले संसदमा दर्ता गरेको शिक्षा विधेयकमा राहत लगायतलाई पनि दरबन्दी कायम गरी त्यसमा प्रतिस्पर्धा गराएर स्थायी गराइने प्रस्ताव राखेको छ । शिक्षा विधेयक परिमार्जन गर्नुपर्ने मागसहित नेपाल शिक्षक महासंघको आह्वानमा असोज ३ गतेदेखि ५ गतेसम्म काठमाडौँमा आन्दोलन भएको थियो ।
महासंघसँग सरकारले ६ बुँदे सहमति गरेको थियो । सहमतिले राहत शिक्षकका माग सम्बोधन नगरेको भन्दै उनीहरूले आन्दोलन जारी राखेका थिए ।

## कतार पुगेर लिङ्देनले भने,
# 'जनता अब कुनै दलको दाम्लोमा बाँधिएर बस्न चाहँदैन'

**सुरेश यादव**
**जनकपुरधाम ।**




राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) अध्यक्ष राजेन्द्र लिङ्देनले कतार पुगेर नेपालको संघीयता र धर्म निरपेक्षता विरुद्ध नेपाली कार्यकर्तालाई प्रशिक्षण दिएका छन् । 'लोकतन्त्र, गणतन्त्र जे नाउँ दिएपनि पछिल्लो ३० वर्षदेखि एउटै उमेर समूहका नेताहरुले शासन गरिरहेका छन्, परिवर्तन खोइ त ?' शुक्रबार कतारमा प्रवासी नेपाली एकता समाजले बोलाएको भेलालाई प्रशिक्षण दिँदै लिङ्देनले भने, 'त्यहीँ नेताहरुलाई कहिलेसम्म बोकेर हिँड्ने ?' जनता अब कुनै दलको दाम्लोमा बाँधिएर बस्न नचाहेको बताउँदै लिङ्देनले यो कुरालाई प्रमाणित गर्ने बेला आएको उल्लेख गरे । नेपालमा संघीयता लागु भएदेखि भ्रष्टाचार निरन्तर बढिरहेको उनले टिप्पनी गरे । 'भ्रष्टाचार बढेको बढ्यैछ । कसैले भ्रष्टाचार गरेको छ भने हामी समान्य रुपमा लिन थालेका छौँ जुन खतराको संकेत हो' लिङ्देनले भने, 'कसैले कुनै कामवापत पैसा लेनदेन गरेको छ भने हामी समान्य रुपमा लिन थालेका छौँ । जब भ्रष्टाचार हामीलाई समान्य लाग्न थाल्छ त्यो खतराको संकेत हो ।'एमसीसीले ५५/५६ अर्ब अनुदान ल्याएकोमा गर्व गरिरहेको बताउँदै उनले भने, 'एनसेल जस्तो एउटै कम्पनीले अर्बौं होइन, खर्बौं भ्रष्टाचार गर्दा पनि कुनै कारबाही हुँदैन ।' यस्तो अवस्थामा नेपाललाई सही ट्र्याकमा कसैले ल्याउन सक्छ भने त्यो मात्र आप्रवासीले सक्ने भन्दै उनले कतारमा रहेका नेपाली कामदारहरुलाई आफुतिर आकर्षित गरे ।

संघीयता लागु हुँदा नेपालमा जम्मा ६ खर्ब ऋण रहेको उनले बताए । अहिले त्यो ऋण २३ खर्ब पुगिसकेको र यो आर्थिक वर्षको अन्त्यसम्म २८ खर्बसम्म पुग्न सक्ने आंकलन गर्दै लिङ्देनले संघीयता नै भ्रष्टाचारको मुख्य कारण भएको जिकिर गरेका छन् । उनले भने, 'तपाईहरुले यहाँ खाँडीमा पैसा कमाएर देशमा पठाइरहनुभएको छ र तपाईमाथि पनि ७१ हजार रुपैयाँको ऋण छ ।' वडा अध्यक्षदेखि पूर्व राष्ट्रपति र पूर्व उपराष्ट्रपतिसमेतलाई ऋण काढेर तलब, भत्ता खुवाइरहनु परेको नेपाली राजनीतिको बाध्यताले देशमा विदेशी ऋणको भारी बढिरहेको उनको भनाई थियो ।

'नेपाल जस्तो सानो देशमा वडा सदस्यदेखि जिल्ला समन्वय समितिसम्म विभिन्न जनप्रतिनिधिमात्रै करिब ४० हजार जनालाई जनताले कर तिरेर पाल्नुपरिरहेको छ । यो धान्न सक्ने कुरा हो ?' लिङ्देनले तेर्स्याएको प्रश्नमा सहभागीहरुले सम्भव नरहेको जवाफ फर्काए ।

'यहाँ साथीहरु कोही कांग्रेस, कोही एमाले र कोही माओवादीका हुनुहोला । तपाईहरुले व्यवस्था परिवर्तन गर्न योगदान गर्नुभयो होला । कसैको परिवारका सदस्य गुमेको होला, कोही साथीहरु झन्डै मरेको भनेर बाँचेर आउनुभयो होला' उनले भने, 'मलाई पनि केही साथीहरुले वडो गौरवका साथ भनिरहेका हुन्छन्, यो संघीयता र धर्मनिरपेक्षता त्यसै आएको होइन ।

हामीले रगत पसिना बगाएर बलिदान दिएर आएको चिज हो । त्यतिबेला राजेन्द्र लिंगदेन कहाँ थिए भनेर भनिरहेका हुन्छन् । गौरव छ कतिलाई यो परिवर्तनमा । तर, तपाईले गणतन्त्र, संघीयता र धर्मनिरपेक्षता भन्ने चिज एउटा यस्तो अचुक औषधी हो जसले सबै रोग निको पार्छ भनेर सोच्नुभएको थियो होला । आज गणतन्त्र, धर्मनिरपेक्षता र संघीयता कार्यान्वयन भएको कति भयो ? यो संविधान लागु भएको कति भयो ? यो त भयो नि त भनेर चित्त बुझाउने कुनै संकेतहरु देखिन्छ ? ऋण घट्यो कि अथवा यसरी विदेश आउने क्रम घट्दैछ, देशमा रोजगारी सिर्जना हुँदैछ कि ? आयात निर्यातको स्थिति ठीक छ कि ? भ्रष्टाचार नियन्त्रणको दिशमा देशले सकारात्मक फड्को मारिरहेको छ कि ? के भइरहेको छ ? इमान्दार भएर मात्र एउटा नागरिक भएर तपाईहरु सोच्नुस् त ।'
संघीयता, गणतन्त्र र धर्मनिरपेक्षताले नै देश अप्ठ्यारोमा परेको र सबै बेथितिको कारण पनि यी व्यवस्था नै रहेको जस्तो गरी लिंगदेनले कतारस्थित नेपाली कामदारहरुलाई प्रशिक्षित गरे । उनले थपे, 'आज भएन तर, भोली हुनेवाला छ भनेर दूर क्षितिजसम्म कुनै सम्भावना देख्नुभएको छ कि के छ ?' उनले कुनै बेला बजारमा सिटी बजाउँदै बजारमा सर्प नचाएर मान्छे भेलागरी सिलाजीत बेच्ने मानिसको उदाहरण देखाउँदै लिङ्देनले भने, 'पेट दुखेकालाई पनि त्यहीँ औषधी, टाउको दुखेकालाई पनि त्यहीँ औषधी बेच्थे, यस्तो कि दुनियाँमा भएका सबै बिरामीको औषधी उसैसँग उपलब्ध रहेको जस्तो । त्यस्तै रुपमा यो संघीयता, गणतन्त्र र धर्मनिरपेक्षतालाई पनि देखाइयो ।'

भर्ना खुल्यो! भर्ना खुल्यो!! भर्ना खुल्यो!!!
नेपाल सरकारको CTEVT द्वारा सम्बन्धन तथा मान्यता प्राप्त यस
राम जानकी टेक्निकल इन्ष्टिच्युट प्रा. लि.
मा निम्न कार्यक्रमहरु शैक्षिक सत्र २०८०।८१ को भर्नाका लागि लिइने पुनः प्रवेश परीक्षा (Entrance) को फारम वितरण भइरहेको सहर्ष जानकारी गराउँदछौं ।
फारम वितरण :-
मितिः २०८०।०६।१८ गतेसम्म
प्रवेश परीक्षा मिति :
२०८०।०६।२० गते
बिहान ८:०० बजे
कार्यक्रम :-
१) मेडिकल ल्याब टेक्नोलोजी (CMLT) - ३ वर्ष
२) प्रि-डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिङ - १८ महिने
३) प्रि-डिप्लोमा इन सिभिल इन्जिनियरिङ - १८ महिने
सम्पर्क स्थान :
राम जानकी टेक्निकल इन्ष्टिच्युट प्रा. लि.
क्याम्पस चौक, पिरडिया माई मन्दिरको पूर्वपट्टी, जनकपुरधाम-४
सम्पर्क नं.-९८४४०२०८८८, ९८४४०९९९२५ र ९८००८४३०१३

# ‘यसवर्ष चाडपर्वमा चिनी अभाव हुन्न’

**मधेशदृष्टि**
**वीरगंज ।**
सरकारले दशैँ, तिहार तथा छठलगायत चाडपर्वमा चिनीको अभाव नहुने जनाएको छ । बजारमा चिनीको अस्वाभाविक मूल्य बढेको छ । कृत्रिम अभाव गरेर चिनीको मूल्य बढाइएको पाइएकाले त्यसको अनुगमन भइरहेको र चाडपर्वमा चिनीको अभाव नहुने वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले जनाएको छ ।
विभागका महानिर्देशक तीर्थराज चिलुवालका अनुसार सरकारसँग १ लाख ८८ हजार ५ सय १३ क्विन्टल चिनी मौज्दात छ । २० हजार टन आयातका लागि प्रक्रिया अगाडि बढिसकेको छ । केही दिनमै खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कम्पनी लिमिटेडले १०–१० हजार टन चिनी खरिद गर्ने उनले जानकारी दिए ।
तत्काललाई चिनी अभाव नभए पनि केही व्यापारीले चाडपर्वको मौका छोपेर भाउ बढाइरहेका छन् ।
साल्ट ट्रेडिङले किलोको ९७ रुपैयाँमा चिनी बिक्री गरिरहेको छ । तर, उपभोक्ताले खुद्रा पसलमा किलोको १ सय ५० रुपैयाँसम्म तिरिरहेका छन् । चिनीमा भइरहेको कालोबजारी रोक्ने प्रयास भइरहेको विभागका महानिर्देशक चिलुवालले बताए ।

# एसएसपी यौनहिंसामा दोषी ठहर

**मधेशदृष्टि**
**वीरगंज ।**
प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) योगबहादुर पाल यौन हिंसामा दोषी ठहर भएका छन् । जेठ १९ गते महिला प्रहरी सहायक हवल्दारलाई यौनहिंसा गरेको उजुरी परेपछि प्रहरी प्रधान कार्यालयले घटना छानबिन गर्न बनाएको समितिले यौन हिंसा गरेको ठहर गरेको हो ।
समितिको प्रतिवेदनपछि प्रहरी प्रधान कार्यालयले उनलाई स्पष्टीकरण सोधेको थियो । प्रतिवेदनमा प्रहरी आचारसंहिता तथा प्रहरी नियमावली विपरीतको काम गरेको तथा आफ्नै महिला सहकर्मीलाई यौनहिंसा गरेको पुष्टि भएको उल्लेख छ ।
समितिले एसएसपी पाललाई बर्खास्त गर्न समेत सिफारिस गरेको प्रहरी स्रोतले जनाएको छ ।
सुदूर पश्चिमको महेन्द्रनगरमा कार्यरत रहँदा एसएसपी पालले बिदा माग्न गएकी महिला सहायक हवल्दारलाई यौन दुर्व्यवहार गरेको घटना बाहिरिएको थियो । त्यसपछि प्रहरी प्रधान कार्यालयको सिफारिसमा गृह मन्त्रालयले पाललाई निलम्बन गरेको थियो ।

# जसपा अध्यक्ष यादव अमेरिका प्रस्थान

**मधेशदृष्टि**
**वीरगंज ।**
एसोसिएसन अफ नेपाली तराई इन अमेरिका (एन्टा)को सातौँ अधिवेशनमा सहभागी हुन जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादव अमेरिका प्रस्थान गरेका छन् । अध्यक्ष यादव शुक्रबार राति २ः१५ बजे कतार एयरबाट अमेरिका प्रस्थान गरेका हुन् । यादव कार्यक्रम सकेर असोज २३ गते स्वदेश फर्कनेछन् ।
यता, जनता समाजवादी पार्टी (जसपा) नेपालको कार्यवाहक अध्यक्षको जिम्मेवारी पार्टीका केन्द्रीय कार्यकारिणी समिति सदस्य राजेन्द्र श्रेष्ठले पाएका छन् । पार्टी अध्यक्ष उपेन्द्र यादव अमेरिका प्रस्थान गरेपछि श्रेष्ठलाई कार्यवाहक अध्यक्षको जिम्मेवारी दिइएको हो ।
यादवले आफू फर्किएर नआउञ्जेलसम्मका लागि कार्यवाहक अध्यक्षको रुपमा अध्यक्षले गर्ने सम्पूर्ण कार्यहरु गर्ने गरी जिम्मेवारी तोकिएको छ ।

# सहकारीद्वारा रक्तदान

**मधेशदृष्टि**
**वीरगंज ।**
कोहिनुर बचत तथा ऋण सहकारी संस्थाले प्रथम वार्षिकोत्सवको अवसरमा वीरगंजमा रक्तदान कार्यक्रम गरेको छ । नेशनल मेडिकल कलेज शिक्षण अस्पताल परिसरमा आयोजित कार्यक्रममा ३३ महिलासहित १ सय ५६ जनाले रक्तदान गरेका छन् ।
रगत अभावमा कसैले अनाहकमा ज्यान गुमाउनु नपरोस् भन्ने अभिप्रायले रक्तदान गरिएको संस्थाले जनाएको छ । कार्यक्रममा डा.संजय साह, मगरुफ अन्सारी, डा. सुमिरा दाहाल, प्रिती रेग्मी लगायतले रक्तदान गरेका थिए ।

# नेहाललाई आर्थिक सहयोग जारी

**मधेशदृष्टि**
**वीरगंज ।**
फोक्सोको समस्याबाट ग्रसित भई नारायणी अस्पतालमा उपचाररत वीरगंजका पत्रकार नेहाल खानलाई वीरगंज युवा समाजले आर्थिक सहयोग गरेको छ । नारायणी अस्पतालमा भर्ना भई उपचारत पत्रकार खानलाई समाजले २१ हजार रुपैयाँ प्रदान गरेको हो । समाजका अध्यक्ष सन्जिव थापासहितको टोलीले अस्पताल पुगेर पत्रकार खानलाई चेक प्रदान गरेको हो । समाजका सचिव दिवश सिंह ठकुरी, कोषाध्यक्ष मणि हर्ष शाक्य, सहकोषाध्यक्ष अस्मिता गौतम, सदस्यहरु सुशील श्रेष्ठ, विनोद धिमाल र पूर्ण गुरुङ्ग उपस्थित थिए ।

# महानगरको सरसफाइ अभियान प्रभावित

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाले सरसफाइ कर्मचारी हटाएपछि महानगरको सरसफाइ प्रभावित भएको छ । महानगरपालिकाले सरसफाइका दुई सय ५० जनासहित करिब छ सय जना कर्मचारीलाई भदौ २६ गतेदेखि एकै पटक सेवाबाट हटाएको थियो । सरसफाइ कर्मचारी हटाइएपछि महानगरले सुरु गरेको सरसफाइ विशेष अभियान प्रभावित भएको महानगरपालिकाको सरसफाइ शाखा प्रमुख सरफुदिन मियाँले जानकारी दिए । सुन्दर, सफा, स्वच्छ र पर्यावरणयुक्त नमूना महानगर बनाउने उद्देश्यका साथ मधेश प्रदेशको एकमात्र महानगरपालिका वीरगंज महानगरपालिकाले नियमित सरसफाइसँगै जथाभावी फोहर फ्याल्नेलाई जरिवाना गर्दै आइरहेको छ । तर नियमित सरसफाइमा संलग्न कर्मचारीलाई कामबाट हटाएपछि सरसफाइको काम प्रभावित भएको प्रमुख मियाँको भनाइ छ ।
‘हामीले मुख्य तथा सहायक गल्लीमा दैनिक तीन पटकसम्म नियमित सरसफाइ गर्नुको साथै जथाभावी फोहर फ्याक्नेलाई जरिवानासमेत गर्दै आएका छौँ,’ उनले भने, ‘यसका कारण सडक सफा भएर शहर सुन्दर बन्न थालेको छ, तर एकैपटक ठूलो सङ्ख्यामा सरसफाइका कर्मचारी नै कामबाट हटाइएपछि अहिले पछिल्लो समय सरसफाइको काम गर्नै सकिरहेका छैनौँ ।’
महानगरका सडक तथा गल्लीमा जथाभावी फोहर फ्याल्नेसँग जरिवाना तिराउँदै आएको महानगरपालिकाले अब जरिवानासँगै फोहर फ्याक्नेमाथि सार्वजनिक अपराध कसुरसम्बन्धी मुद्दा चलाउने तयारी गरेको छ । तर सरसफाइका कर्मचारी हटाइएपछि अब कसरी अघि बढ्नेमा आफूहरू अन्यौलमा रहेको सरसफाइ प्रमुख मियाँको भनाइ छ ।
‘जथाभावी फोहर फ्याक्नेसँग हामीले २०७९ पुस १७ गतेदेखि जरिवाना तिराउँदै आएका छौँ, तै पनि अझै फोहर फ्याल्ने क्रम रोकिएको छैन,’ उनले भने, ‘जरिवाना गर्दा फोहर फ्याल्ने केही कम त भएको छ, तर अपेक्षाकृत रुपमा घटेको छैन । त्यसैले अब फोहर फ्याल्नेलाई जरिवाना मात्रै होइन सार्वजनिक अपराध कसुरसम्बन्धी मुद्दासमेत चलाउने हामीले तयारी गरेका छौँ ।’
उनका अनुसार २०७९ पुस १७ गतेदेखि हालसम्म जथाभावी फोहर फ्याक्ने व्यक्ति र संस्था गरी पाँच सय ७५ जनाबाट महानगरले १९ लाख ७७ हजार रुपैयाँ जरिवानाबापत राजस्व सङ्कलन गरेको छ । ‘घर, पसल र कार्यालयबाट निष्किने फोहर जताततै फ्याक्ने स्थानीयमा प्रवृत्ति छ,’ सरसफाइ शाखा प्रमुख मियाँले भने, ‘त्यो प्रवृत्तिलाई निरुत्साहित गर्न हामीले फोहर फ्याक्नेलाई जरिवाना गर्ने अभियान सुरु गरेका छौँ ।’ यो अभियानलाई थप प्रभावकारी बनाउन सार्वजनिक मुद्दा चलाउने योजना बनाएको उनको भनाइ छ ।
सफा, स्वच्छ र सुन्दर महानगर बनाउने उद्देश्यका साथ निजी संस्थासँग सहकार्य गरी महानगरको ३२ वटै वडामा तीन चरणमा नियमित सरसफाइ गर्दै आएको छ । ‘मेयर साहवको मुख्य चाहना नै सफा, सुन्दर वीरगंज नगरवासीलाई दिने हो,’ प्रमुख मियाँले भने, ‘त्यही योजनाअनुसार अहिले बिहान, दिउँसो र राति गरी तीन चरणमा नाला र सडक सरसफाइ गरिरहेका छौँ, तर सरसफाइ कर्मचारी हटाइएकाले समस्या भएको छ ।’
विगत केही वर्षअघिसम्म अस्तव्यस्त र दुर्गन्धित नगरको रुपमा परिचित महानगर क्षेत्रलाई सरसफाइ दृष्टिले मुलुककै नमुना महानगर बनाउने लक्ष्यका साथ योजना अघि बढाइएपछि यतिबेला वीरगंज महानगर क्षेत्र सफा र सुन्दर देखिन थालेको हो । तर सरफाइका कर्मचारी हटाएपछि फेरि पुरानै अवस्थामा त फर्किने होइन ? भन्ने आशङ्का लाग्न थालेको वीरगंज–६ का राजेश साहको भनाइ छ ।
‘सरसफाइका कर्मचारी दैनिक सडक र नाला सफा गर्दा सडक चिटिक्क बनेको छ,’ उनले भने, ‘तर केही दिनयता सरसफाइका कर्मचारी सफा गर्न नआउँदा फेरि सडकमा फोहर थुप्रिने र दुर्गन्ध बढ्न सक्नेछ ।” यसतर्फ महानगरपालिका समयमै गम्भीर हुनु आवश्यक छ,’ उनको भनाइ छ । वीरगंज महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेलले विधिवत् नियुक्ति नभएको जनाउँदै व्यापक जनगुनासो आएपछि करार, ज्यालादारीका कर्मचारीलाई सेवाबाट हटाउनुपरेको जानकारी दिए ।
‘कर्मचारी हटाइएपछि समस्या त भएको छ, तर तत्काल कर्मचारी भर्ना गर्नसक्ने अवस्था छैन,’ उनले भने, ‘स्थानीय सरकारले कर्मचारी भर्ना गर्न प्रदेशसभाबाट कर्मचारी भर्नासम्बन्धी ऐन बनाएर आउनुपर्छ, तर प्रदेशसभाले ऐन बनाउन सकेको छैन, त्यसैले समस्या भएको हो ।’ प्रदेशसभाबाट ऐन नबन्दासम्म कर्मचारी नियुक्त गर्न सकिँदैन, ऐन बनेर आएपछि मात्र कर्मचारी नियुक्ति प्रक्रिया सुरु गरिने उनको कथन छ ।

# कुहिएको चामल बिक्री

**रासस**
**हुम्ला ।**
खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड सिमकोट शाखाले हुम्लाको नाम्खा गाउँपालिका–५ मुचुगाउँका स्थानीयलाई कुहिएको चामल बिक्री गरेको पाइएको छ । केही दिनअघि लिमिटेडले सप्लायर्समार्फत काठमाडौँबाट केरुङनाका हुँदै तिब्बती मार्गबाट हिल्सामा खाद्यान्न ढुवानी गरेको थियो ।
नाम्खा–५ का पेमा आङ्गु तामाङका अनुसार आफूले खरिद गरेर लिमिटेडले ढुवानी गरेको अनुदान चामल कुहिएको भेटिएको बताए । एक घरधुरीलाई चार बोराका दरले बिक्री गरिएको थियो । उनले त्यसमा दुई बोरा चामल कुहिएको भेटिएको बताए । उनले आफ्नो मात्र नभई अधिकांश खाद्यान्न पाएका घरपरिवारको कुहिएको चामल डल्लैडल्ला परेको भेटिएको बताए ।
पच्चीस किलोको बोरा चामलको मूल्य दुई हजार तीन सय ७५ रुपैयाँ मा किनेको र घरमा चामलको बोरा खोल्दा कुहिएको पाइएको स्थानीय जङ्ग लामाले बताए । ‘पैसा तिरिसकेका छौँ, चामल कुहिएर डल्ला परेको भेटिएको छ,’ उनले भने ।
करिब ५० घरधुरीका नागरिकले चामल बिक्री गरिएकामा अधिकांश बोरा कुहिएको भेटिएको स्थानीयको गुनासो छ । मुचुगाउँमा लिमिटेडले बिक्री गरेको चामल कुहिएर खान नमिल्ने भएपछि बोरा खोलेर घाममा सुकाउने गरिएको छ । घरको छतमा त्रिपालमा चामलको बोरा खोलेर सुकाउँदा पनि खान नमिल्ने खालको रहेको छ ।
हिल्सा नाकामा चामल राख्ने गोदाम नहुँदा केही बोरा चौरमा पालले छोपेर राख्ने क्रममा पानी पर्दा भिजेका कारण कुहिएको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड सिमकोट शाखाका प्रमुख कृष्णप्रसाद अधिकारीले बताए । काठमाडौँ–केरुङ हुँदै तिब्बती मार्गबाट हिल्सा नाकाबाट चार हजार क्विन्टल खाद्यान्न ढुवानी भएको थियो ।
त्यसमा एक हजार क्विन्टल नाम्खा गाउँपालिकाका लागि छुट्याइएको थियो ।
यस्तै, तीन हजार क्विन्टल खाद्यान्न सिमकोट शाखामा आएको उनले बताए । उनले कुहिएको खाद्यान्न फिर्ता गरेर राम्रो चामल दिने व्यवस्था गरिने बताए । खाद्यान्न कुहिएको भए पैसा फिर्ता दिने पनि उनले बताए । कुहिएको खाद्यान्न भने राम्रोसँग राख्न उनले आग्रह गरे ।

# बलात्कार कसुरमा पाँच वर्ष कैद



**मधेशदृष्टि**
**सर्लाही ।**
५७ वर्षीयालाई बलात्कार गरेको कसुरमा ईश्वरपुर नगरपालिका–५ का ४८ वर्षीय सूर्य बहादुर स्याङ्बोलाई जिल्ला अदालत सर्लाहीले पाँच वर्ष कैद सजाय फैसला गरेको छ । न्यायाधीश विनोद कुमार गौतमको इजलासले आरोपितलाई कसुर ठहर गर्दै पाँच वर्ष कैद सजाय र ५० हजार रुपैयाँ पीडितलाई क्षतिपूर्ति दिने गरी मुद्दाको अन्तिम फैसला गरेको स्रेस्तेदार सदन अधिकारीले जानकारी दिए ।
पीडितलाई आरोपित स्याङ्बोले २०७६ साउन १३ गते बलात्कार गरेको भन्दै पीडित पक्षले इलाका प्रहरी कार्यालय केशरगंजमा भदौ ८ गते उजुरी दिएका थिए । पीडितको स्वास्थ्य परीक्षण भदौ ९ गते सर्लाही जिल्ला अस्पताल मलङ्गवामा भएको थियो ।

# अवैध कारोबारीले राजस्व चुहावट र व्यवसायी मारमा

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजमा राजस्व चुहावट नियन्त्रणका सम्बन्धमा अन्तरक्रिया गरिएको छ । अवैध रूपमा कारोबार गर्ने व्यवसायीले गर्दा राज्यको राजस्व चुहावट हुनुका साथै वैध व्यवसायीले नोक्सानी बेहोर्नु परिरहेको वीरगंजका उद्योगी व्यवसायीले दुखेसो पोखे ।
सरकारका नीतिगत एवम् संरचनागत समस्यासँगै झन्झटिलो प्रक्रियाले अवैधरूपमा हुने व्यवसाय फस्टाउँदै गएको जीतपुर सिमरा नगर उद्योग वाणिज्य सङ्घका अध्यक्ष मोहन शर्माले बताए । उनले भने, ‘सरकारले नै व्यवसायीलाई कालोबजारी गर्न प्रोत्साहन गरिरहेको छ । व्यवसायी मैत्री नीति नहुँदा व्यवसाय बन्द हुने र उद्योगी पलायन हुनुपर्ने अवस्था आउन सक्छ । सरकारले बेलैमा गम्भीर भएर सोच्न आवश्यक छ ।’
वीरगंज उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष हरि गौतमले अन्तर सरकारी सम्बन्ध मजबुत नहुँदा त्यसको मारमा निजी क्षेत्र परेको गुनासो गरे । उनकाअनुसार देशमा उद्योगी व्यवसायीले व्यवसाय गर्ने वातावरण छैन । व्यवसाय गर्न खोज्दा पनि करमाथि कर लादेर र अनावश्यक झन्झट दिएर बन्द गर्न बाध्य बनाउने गरेको वरिष्ठ उपाध्यक्ष गौतमको भनाई छ । उनले भने, ‘राजस्व कार्यालयलाई बिना आधार करको लक्ष्य बढाएर दिँदैमा कर सङ्कलनमा वृद्धि हुँदैन । त्यसका लागि आधार चाहिन्छ । अहिले न व्यवसाय चलिराछ, न अर्थतन्त्र चलायमान छ । अनि कसरी राजस्वको लक्ष्य गत वर्षको तुलनामा बढाएर दिइयो ?’ आवश्यक सामग्री आयात गर्न अनुमति नदिएपछि स्वतः अवैध बाटोबाट भित्रिने गरेको गौतमको भनाइ छ ।
उद्योग वाणिज्य सङ्घ बाराका अध्यक्ष राजकुमार साहले सरकारले अर्थतन्त्र चलायमान बनाउने बारेमा गम्भीर भएर सोच्न नसकेको टिप्पणी गरे । पछिल्लो समय बेरोजगारीको समस्या बढ्नु र विद्यार्थीदेखि श्रमिकसम्म विदेशतिर आकर्षित हुनुले देशको भविष्य चिन्ताजनक हुने उनको सङ्केत छ । सङ्घीयतापश्चात् तीन तहको सरकारबिचको अपसमन्वयका कारण उद्योगी व्यवसायीले थप पीडा भोग्नु परेको वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष अनिल अग्रवालले बताए । सङ्घ सरकारको पहिल्यैदेखि तिर्दै आएको करसँगै प्रदेश र स्थानीय सरकारले थपेका कर पनि तिर्दा तिर्दा व्यवसायबाट पलायन हुने अवस्था आएको अध्यक्ष अग्रवालको दुखेसो छ । कुन कर कुन सरकारले लिने भन्ने बारेमा तीन तहको सरकारबिच आवश्यक समन्वय र समझदारी हुनुपर्ने उनको सुझाव छ । यस्तै, अग्रवालले उद्योग व्यवसाय फस्टाएन भने कुनै पनि देशको अर्थतन्त्र सबल हुन नसक्ने जिकिर गरे । राजस्व चुहावट नियन्त्रणको पक्षमा निजी क्षेत्र रहेकोमा विश्वस्त पार्दै उनले सीमा क्षेत्रमा सिसी क्यामरा जडान देखि अन्य निगरानी बढाई सुरक्षा व्यवस्था चुस्त बनाउनुपर्नेमा जोड दिए । अहिले बैङ्कले १५ देखि १६ प्रतिशतसम्म ब्याजदर लिने गरेकोमा आपत्ति जनाउँदै उनले ब्याजदरलाई सिङ्गल डिजिटमा झार्नुपर्ने बताए ।
सबैलाई समान नियम लाग्ने दिनको प्रतीक्षामा वीरगंजका व्यवसायी रहेको नेपाल उद्योग वाणिज्य महासङ्घ मधेश प्रदेशका अध्यक्ष अशोक टेमानीको भनाई छ । उनले भने, ‘यहाँ नयाँ सिडिओ, नयाँ एसपी, नयाँ भन्सारको हाकिम, कर कार्यालयको नयाँ हाकिम को आउने भन्ने चिन्ता हुन्छ । अनि कस्तो स्वभावको छ ? उसको पृष्ठभूमि के हो भन्नेमा केन्द्रित हुनुपर्ने अवस्था छ । यसको अन्त्य हुनका लागि सबैलाई बराबर नियम हुनुपर्छ ।’
नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेनालगायत भन्सारका कर्मचारी तैनाथ हुँदाहुँदै पनि अवैध रूपमा कारोबार किन भइरहेको छ भन्दै उनले भन्सार विभागका महानिर्देशकलाई प्रश्न पनि गरे ।
बैङ्कको चर्को ब्याजदरकै कारण कतिपय उद्योगी व्यवसायीले आत्महत्या गरेको र कतिजना अहिले आत्महत्या गर्ने अवस्थामा रहेको बताउँदै नेपाल उद्योग वाणिज्य महासङ्घ मधेश प्रदेशका निवर्तमान अध्यक्ष गणेश प्रसाद लाठले घर जग्गा लिलामी हुन लागेको भन्दै चिन्ता व्यक्त गरे । वैदेशिक लगानी भित्रिने वातावरण बनाउनुपर्ने आवश्यकता औँल्याउँदै उनले झन्झटिलो र अनावश्यक दुःख दिने प्रक्रियालाई सहज बनाउन सुझाव दिए ।
यसअघि धेरै पटक सुझाव दिँदा पनि कार्यान्वयन नहुने गरेको बताउँदै उनले औपचारिकताका लागि मात्रै छलफल गर्ने हो भने त्यसको कुनै औचित्य नरहेको तर्क गरे । साथै उनले उद्योगी व्यवसायीले लामो समयदेखि उठाउँदै आएको ट्रेड मार्कको माग सम्बोधन हुन नसकेको स्मरण गराए । भन्सारमा र सडक मार्गमा पनि स्क्यानर राख्न उनले सुझाव दिएका छन् । अन्तक्रियाका अवसरमा वीरगंज उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष अशोक वैद्य, उद्योगी प्रदीप केडिया, वीरगंज उद्योग वाणिज्य सङ्घका उपाध्यक्ष माधव राजपाल, महासचिव आशिष् लाठ लगायतका उद्योगी व्यवसायीले राजस्व चुहावटसँगै आयातमा रहेका नीतिगत संरचनागत तथा प्रणालीगत समस्याबारे अवगत गराएका थिए ।
उद्योगी व्यवसायीहरूको गुनासो तथा समस्याको सम्बोधन गर्ने राजस्व विभागका महानिर्देशक नवराज ढुङ्गानाले प्रतिबद्धता व्यक्त गरे । निजी क्षेत्र र सरकारबिचको खाडल पुर्ने र निजी क्षेत्रको उत्थानका लागि सरकार गम्भीर भएको उनले बताए । वैद्य व्यवसायलाई प्रोत्साहन गर्दै अवैध कारोबारलाई निरुत्साहन गर्न सरकार र निजी क्षेत्रबीच हातेमालो हुनुपर्नेमा उनको जोड छ । अवैध रूपमा आएका सामग्री पनि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा ठूला प्रतिष्ठित व्यवसायीसँगै जोडिने गरेको उनको भनाई छ ।










व्यक्तित्व

# मधेशका डाक्टरलाई काठमाडौँमा नागरिक अभिनन्दन






सुरेश यादव

## सरकारले पनि सम्मान गर्ने

*महानगरले नागरिक अभिनन्दन गरेपछि नेपाल सरकारका उपप्रधानमन्त्री पुर्णबहादुर खड्काले सरकारको तर्फबाट पनि डा. गौरीशंकर लाल दासलाई सम्मान गर्ने बताएका छन् । नागरिक अभिनन्दन समारोहमा उपप्रधानमन्त्री खड्काले मूल परामर्श समितिसँग समन्वय गरी डा. दासलाई सम्मान गर्न मन्त्रिपरिषद्बाट आवश्यक निर्णय गरिने बताए ।*

*'उहाँको सम्मानमा सरकारको तर्फबाट आयोजक समितिसँग परामर्श गरी उहाँलाई राज्यको तर्फबाट दिने सम्मानबारे सम्बन्धित मन्त्रालयका मन्त्रीज्यूले प्रक्रिया अघि बढाएको कुरा भनिसक्नुभएको छ । त्यसलाई हामी मूल परामर्श समितिसँग समन्वय गरेर मन्त्रिपरिषद्को बैठकबाट आवश्यक निर्णय गर्ने पनि विश्वास दिलाउँछु । उहाँले निजी एवं पारिवारिक स्तरभन्दा माथि उठेर समग्र समाज र देशलाई नै आफ्नो सेवाले अतुलनीय योगदान दिनुभएको छ' उपप्रधानमन्त्री खड्काले भने ।*

वरिष्ठ छाती रोग विशेषज्ञ एवं राष्ट्रिय मानव अधिकार आयोगका संस्थापक सदस्य डा. गौरीशंकर लाल दासलाई काठमाडौँमा नागरिक अभिनन्दन गरिएको छ । दिव्य शताब्दी पुरुष डा. दासले नेपालको चिकित्सा सेवा, मानवअधिकार, समाज सेवा, व्यवस्थापन, प्रशासन र सुशासनको क्षेत्रमा पु¥याउनुभएको योगदानको कदर गर्दै गत मंगलबार काठमाडौँमा नागरिक स्तरबाट अभिनन्दन गरिएको हो । राष्ट्रियसभा गृहमा आयोजित अभिनन्दन समारोहमा उपप्रधान एवम् रक्षा मन्त्री पूर्णबहादुर खड्काले कदर पत्र सहित डा. गौरीशंकर लाल दासलाई अभिनन्दन गरे । अभिनन्दन समारोहमा उपप्रधानमन्त्री खड्काले लोक कल्याणकारी कार्यमार्फत देश, जनता र समाजको हितका लागि अमूल्य योगदान दिने डा. दासले आफ्नो सेवामार्फत समग्र समाज र देशलाई नै योगदान पु¥याएको भनेका थिए ।
कार्यक्रममा पूर्व उपराष्ट्रपति परमानन्द झाले दिव्य शताब्दी पुरुष डा. दासको सक्रियताबाट समाजमा सधैँ केही नयाँ गर्नुपर्छ भन्ने सबैले पाठ सिक्नुपर्ने भने । महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री सुरेन्द्रराज आचार्यले ज्येष्ठ नागरिकहरू समाजका गहना भएकाले उनीहरुलाई सम्मान गर्नुपर्ने र उनीहरुबाट नयाँ पुस्ताले राम्रा कुराहरू अनुसरण गर्न सके सभ्य समाज निर्माणमा मद्दत पुग्ने बताए । काठमाडौँ महानगर पालिकाका मेयर बालेन्द्र शाहले स्वास्थ्यकर्मीहरूको विदेश पलायन रोक्न राज्यका तर्फबाट प्रभावकारी कदम चाल्नु जरुरी रहेको बताए । सम्मानित व्यक्तित्व डा. दासले आफु देशका लागि सधैँ केही गरिरहनुपर्छ भन्ने भावनाले अनवरत रुपमा लागिरहेको र बाँचुन्जेल लागिरहने प्रतिबद्धता व्यक्त गरे । अभिनन्दन मूल समारोह समितिका संयोजक शंकरप्रसाद कोइरालाले पाको उमेरमा पनि सामाजिक अभियन्ताको रूपमा सक्रिय डा. दास नयाँ पुस्ताका लागि प्रेरणाको स्रोतका रुपमा रहेको बताए । नागरिक अभिनन्दनको अवसरमा डा. दासले विभिन्न कालखण्डमा लेखेको लेख, रचनाको सँगालो पुस्तक पनि विमोचन गरिएको थियो । वरिष्ठ छाती रोग विशेषज्ञ डा. दास यहीँ असोजबाट एक सय वर्ष पुगेका छन् ।कार्यक्रममा बागमती प्रदेशकी पूर्वमुख्यमन्त्री एवं एमाले उपाध्यक्ष अष्टलक्ष्मी शाक्य, मन्त्रिपरिषद्का पूर्वअध्यक्ष खिलराज रेग्मी, कांग्रेस महामन्त्री गगन थापा, काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहलगायत उपस्थित थिए ।

**को हुन् डा. गौरीशंकर**

वि.सं. १९८१ मा जन्मिए डा. गौरीशंकर लाल दास । शैक्षिक चेतनाले पूर्ण थियो परिवार । पिताजी इनर्वा क्षेत्रका जमिन्दार थिए । घरबाट टाढा राखेर सन्तानलाई पढाउनुपर्छ भन्ने आँट र क्षमता दुवै थिए । त्यसैले उनले विद्यालय शिक्षा १२ कोश टाढाको राजनगरमा लिए । सीमापारिकै विद्यालयबाट सन् १९४१ मा म्याट्रिकुलेसन (एसएलसी सरह) गरेपछि भागलपुर गएर आइएस्सी र बिएस्सी पढेका हुन् ।पिताजीको सपना थियो, छोरालाई डाक्टर बनाउने । बिएस्सीमा उनको मुख्य विषय थिए –फिजिक्स, केमेस्ट्री र म्याथम्याटिक्स । जसले इन्जिनियरिङ र मेडिकल दुवै क्षेत्रमा जान मार्ग प्रशस्त गथ्र्यो । मेडिकलपट्टि जान चाहनेले बायोलोजी विषय लिएर एक वर्ष प्रि–मेडिकल कोर्स गर्नुपथ्र्यो । मुम्बईमा इन्जिनियरिङ पढ्न आवेदन दिए पनि अन्ततः मेडिकलतिरै सोझिए । सन् १९५१ मा पटना मेडिकल कलेजबाट एमबिबिएस गरे । एक वर्ष त्यहीँ गरे । उनले काठमाडौं देखेको त्यसपछिमात्रै हो । त्यतिखेर काठमाडौं आउनुपरे अमलेखगञ्जसम्म रेल चढ्नुपथ्र्यो । त्यहाँबाट भीमफेदीसम्म बसमा आएर भरियालाई सामान बोक्न लगाई कुलेखानी हुदैं आउनुपथ्र्यो ।एमबिबिएस गरेर काठमाडौं आउँदा नेपालमा जम्माजम्मी ५–६ जनामात्र थिए डाक्टर । वीर अस्पतालका सुपरिटेन्डेन्ट डा. मजुमदार बंगाली डाक्टर थिए भने आउटडोरमा डा. एसएल दास गुप्ता, प्याथोलोजीमा डा. दिनेशानन्द वैद्य र डा. यज्ञराज जोशी थिए । ज्ञानेन्द्र शाहको राज्यारोहणका अवसरमा डा. जोशीको अग्रसरतामा सरकारले ००७ सालमा ज्ञानेन्द्र केन्द्रीय चिकित्सालय (सेन्ट्रल चेस्ट क्लिनिक) खोल्यो । डा. दासचाहिँ मेडिकल अफिसरका रूपमा वीर अस्पतालमा प्रवेश गरे । वीरको फिमेल वार्डमा एक महिला डाक्टर थिइन्, जसलाई उनीहरू 'रानीसाहिबा' भन्थे । वास्तविक नाम भने थाहा भएन । अर्का सेठी भन्ने थिए, उनलाई पनि 'डाक्टर' भनिन्थ्यो । वास्तवमा उनले भारतमा 'मिडवाइफरी कोर्स' गरेर आएका थिए ।वीर अस्पतालमा काम गरेको ६ महिना भइसकेको थियो । स्वास्थ्य विभागका निर्देशक डा. जितसिंह मल्ल एक दिन अस्पतालमा आए र डा. दासलाई घुम्न जाने प्रस्ताव गरे । आफ्नो जिपमा हालेर उनले बूढानीलकण्ठबाट ३ किलोमिटर पश्चिममा रहेको टोखा स्यानिटोरियम पु¥याए । त्यहाँ सबैतिर घुमाइसकेपछि उनले डा. दासलाई सोधे, 'यहाँ बस्ने हो ?' डा. दासले सहमति जनाए । खासमा त्यहाँको मनोरम वातावरणले आकर्षित गरेको थियो उनलाई । अर्कोतिर भत्ता पनि मासिक २ सय ५० रुपियाँ थियो । त्यति रकम त्यो समयमा निकै आकर्षक थियो ।टोखा स्वास्थ्य निवास भनिने उक्त केन्द्रको रासनमा एक डाक्टरले 'गोलमाल' गरेपछि त्यहाँ राखिएका क्षयरोगका बिरामीले आन्दोलन गरिरहेका थिए । उनी नियुक्त भएर गएपछि त्यो आन्दोलन पनि साम्य भयो र बिस्तारै उनी लोकप्रिय पनि भए ।त्यतिखेर टीबीको कुनै प्रभावकारी औषधि थिएन । सल्लाको हावा बिरामीलाई धेरै राम्रो हुन्छ भनेर क्षयरोगीका लागि टोखा स्वास्थ्य निवास स्थापना गरिएको थियो । त्यसमाथि टोखाको स्यानिटोरियम क्षयरोगी अनुकूल कुहिरो नलाग्ने, घमाइलो र प्रदूषणमुक्त थियो । बिरामीका कारण अरु व्यक्तिमा संक्रमण फैलन्छ भनेर पनि एकान्त ठाउँ रोजिएको थियो । टोखामा टीबी केन्द्र खोल्नुमा राणाहरूको अर्को स्वार्थ पनि थियो । कोही उच्च पदाधिकारी बिरामी भए त्यहाँ पठाइन्थ्यो । त्यहाँ तीनवटा कटेज बनाइएका थिए – ए, बी र सी । जनरल वार्ड र अफिसर वार्ड पनि थिए ।जुद्धशमशेरको पालामा उद्घाटन भएको थियो त्यो । ती कटेजमा राणा, शाही परिवारका साथै अरु ठूलाबडालाई राखिन्थ्यो भने सर्वसाधारणलाई जनरल वार्डमा । ती कटेजमा तत्कालीन कमान्डर इन चिफ किरण शमशेरकी आमा, गायक बच्चु कैलाश, साहित्यकार बालकृष्ण समका छोरा, हृदयचन्द्रसिंह प्रधान पनि बसेका थिए । सिट कम थियो, त्यसैले उपचार गर्न आउनेको सूची लामो हुन्थ्यो । एक–दुई वर्षपछि मात्र पालो आउँथ्यो । केन्द्रले चिठी लेखेर खबर पठाएपछि मात्र मानिसहरू आउँथे । त्यसपछि डाक्टरले जाँचेर आवश्यक भएमात्र भर्ना गरिन्थ्यो ।उनका मिल्ने साथी थिए संगीतकार नातिकाजी । उनी शिवशंकर र पुष्प नेपालीसहित त्यहाँ जान्थे र गीत गाउँथे । बिरामीले पनि उनीहरूलाई खुब रुचाउँथे ।
त्यतिखेर बिरामीका लागि मनोरञ्जनको कुनै उपाय थिएन । नातिकाजी र शिवशंकरका गीत सुनेर आफ्ना पीडा भुल्न प्रयास गर्थे बिरामी । नातिकाजी र शिवशंकरले गाइरहँदा डा. दास भने बाँसुरी बजाउँथे । पहिला हिन्दी गीत गाउने नातिकाजी र शिवशंकरले पछिमात्र नेपाली गीत गाउन थालेका थिए ।त्यतिखेर टीबी रोगीको संख्या नेपालमा जम्माजम्मी १ लाख थियो । मृत्युदर पनि बढी नै थियो । त्यतिखेरको मुख्य रोगमा टीबी, हैजा र मलेरिया थिए । २००४ सालमा हैजाको महामारी फैलँदा धेरैको मृत्यु भएपछि पीडितलाई सहयोग गर्न परोपकार संस्था खोलेका थिए दयावीरसिंह कंसाकारले । त्यतिखेर अन्य रोग भए पनि पहिचान गर्न आजकालका जस्ता आधुनिक उपकरणको अभाव थियो ।राजा महेन्द्र हरेक मेडिकल कन्फरेन्समा सहभागी हुन्थे, नेपाली संस्कृतिमा रमाउने राजाका लागि उनीहरू सांस्कृतिक कार्यक्रम गर्थे । त्यसमा उनी बासुरीबादन गर्थे, कहिलेकाहीँ ढोलक पनि बजाउँथे । सुमनकुमार नेपालीले हार्मोनियम बजाउँथे । त्यतिखेर उनीहरूले नेपालीमा कौवाली पनि सुरु गरेका थिए ।२०१७ सालमा पञ्चायती व्यवस्था लागु भएपछि बनेको मन्त्रिपरिषदमा डा. नागेश्वरप्रसाद सिंह स्वास्थ्य मन्त्री भए । सिंह र उनी पटना मेडिकल कलेजका सहपाठी थिए । मन्त्रीले एक दिन उनलाई भने, 'टोखामा किन बस्ने, यतै शहरतिर आउनुस् ।' त्यसपछि टोखा स्वास्थ्य निवास र सेन्ट्रल चेस्ट क्लिनिक गाभियो । डा. यज्ञराज जोशी मेडिकल सुपरिटेन्डेन्ट र उनी डेपुटी भए । केही समयपछि यज्ञराज जोशी स्वास्थ्य विभागको निर्देशक हुँदा उनी चेस्ट क्लिनिकको मेडिकल सुपरिटेन्डेन्ट भए । पछि विष्णुकुमार तुम्बाहाम्फे स्वास्थ्य मन्त्री बने । मन्त्रीले डा. जोशीलाई मेडिकल सुपरिटेन्डेन्टमै फर्काएर उनलाई स्वास्थ्य विभागको निर्देशक बनाए । उनले निर्देशकका रूपमा विभागमा दुई वर्ष नेतृत्व गरे । पछि महानिर्देशक पद खडा गरी यज्ञराज जोशीलाई ल्याइयो । उनी निर्देशककै रूपमा रहे ।डा. दासले विभागको नेतृत्व लिएका बेला विश्व स्वास्थ्य संगठनको पहिलो क्षेत्रीय बैठक नेपालमा भयो । त्यसको अध्यक्ष पनि उनै भए । त्यतिखेर राष्ट्रिय सभागृह भर्खर बन्दै थियो । बैठक आयोजना गर्ने ठाउँ नभएकाले उनले राष्ट्रिय सभागृहलाई नै रोजे । तर सभागृहका विभिन्न कोठाहरू कसरी डिजाइन गर्ने थाहा थिएन । त्यसैले इन्जिनियर गंगाधर भट्टलाई अध्ययनका लागि दिल्ली पठाइयो । राष्ट्रिय सभागृहमा गरिएको पहिलो अन्तर्राष्ट्रिय सम्मेलन पनि त्यही नै थियो ।त्यतिखेर स्वास्थ्यसहित कुनै पनि मन्त्रालयमा योजना महाशाखा थिएन । विश्व स्वास्थ्य संगठनले स्वास्थ्य मन्त्रालयमा योजना महाशाखा हुनुपर्छ भनेर सिफारिस गरेको थियो । उनलाई सरकारले योजनासम्बन्धी तालिमका लागि नयाँदिल्ली पठायो । उनी फर्किएलगत्तै पहिलोपटक स्वास्थ्य मन्त्रालयमा योजना महाशाखा खोलियो र त्यसका पहिलो चिफ प्लानिङ अफिसर पनि उनै भए । स्वास्थ्यको पाँचौं विकास योजना पनि उनैको पालामा बन्यो ।तिनताका पञ्चायत नीति तथा जाँचबुझ केन्द्र अस्तित्वमा थियो । राजा वीरेन्द्रले उनलाई केन्द्रमा काजमा बोलाए र ०३३ सालमा उनकै संयोजकत्वमा प्रथम दीर्घकालीन स्वास्थ्य योजना बन्यो । योजनालाई राजा वीरेन्द्रले स्वीकृत गरेका थिए । त्यहीँ रहँदा एकपटक दरबारका सचिवसँग खटपट प¥यो । राजीनामा दिन लाग्दा प्रधानमन्त्री डा. तुलसी गिरीले रोके । उनले भने, 'कहाँ राजीनामा दिने ? तपाईं जहाँ भन्नुहुन्छ, त्यही पठाइदिन्छु ।'नभन्दै २०३४ सालमा रानी ऐश्वर्यको अध्यक्षतामा सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद् गठन भयो । त्यसका विभिन्न समितिमध्ये स्वास्थ्य सेवा समन्वय समिति पनि एक थियो । त्यसकी सभापति शाहकै आग्रहमा उनी समितिको पहिलो सदस्य–सचिव भएर काजमा खटिए । त्यसमा काम गर्दागर्दै राजा विरेन्द्रले लोकसेवा आयोगमा मनोनयन गरे २०३५ सालमा । आयोगका तत्कालीन अध्यक्ष कृष्ण बम मल्लको सिफारिसमा आयोगको सदस्य भएका थिए उनी । लोकसेवामा ४७ सालसम्म १२ वर्ष काम गरेपछि बहुदलीय व्यवस्था पुनस्थापना भएसँगै उमेरको हदका कारण ६५ वर्ष तीन महिनामा उनले अवकाश लिए ।२०५७ सालमा घरमै अवकाशप्राप्त जीवन बिताइरहेका थिए उनी । अरुको जस्तो नियमित क्लिनिक पनि थिएन । सम्पर्क गरेर घरमै आउनेलाई जाँचिदिन्थे । सामाजिक सेवामा पनि व्यस्त थिए । एक दिन अचानक प्रधानमन्त्री कार्यालयबाट फोन आयो । उनलाई मानवअधिकार आयोगमा सदस्य भएर जान इच्छुक भए– नभएको सोधियो । उनले जवाफ दिए, 'म रेडक्रसको केन्द्रीय कार्यसमितिमा छु, आयोगमा आउन मिल्छ कि मिल्दैन थाहा छैन, साथीलाई सोधेर मात्र भन्छु ।' उनले सोधेपछि रेडक्रसका तत्कालीन अध्यक्ष रमेशकुमार शर्माले स्वीकृति जनाए । त्यसपछि अर्को एक दिन तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले आफैं फोन गरे । डा. दासले फेरि सोधे, 'मैले रेडक्रसमा काम गरेकाले त्यता आउन मिल्छ कि मिल्दैन ।' प्रधानमन्त्रीले 'किन मिल्दैन ? आउनुस् र आयोगलाई एउटा ट्र्याकमा ल्याउनुस्, पछि छाड्ने मन भए छाड्नुहोला ।' भनेपछि उनी मानव अधिकार आयोगको पहिलो समितिको सदस्य भएर गए ।मानव अधिकार आयोगमा एक कार्यकाल बिताए उनले । त्यहाँ बस्दा उनले नेपालको मानव अधिकारको अवस्थाबारे बुझे । नेपालमा मानवअधिकारको अवस्था कस्तो रहेछ भनेर बुझ्नुभयो त ? हामीले सोध्दा उनले भने, 'नङ्ग्रा नभएको बाघजस्तो हो मानवअधिकार आयोग । आयोग अहिले मानवअधिकार उल्लंघनका दोषी फलानालाई कारवाही गर्नुप¥यो भनेर सिफारिसमात्रै गर्ने निकाय भएको छ, अहिले पनि सरकारले कार्यान्वयन गर्दैन ।'उनले आफ्नो कार्यकालमा मानवअधिकार उल्लंघनका कैयौं दोषीलाई कारवाही गर्न सिफारिस हुँदा पनि कारवाही नभएको सम्झिए । सशस्त्र द्वन्द्वकालको त्यो समयमा रामेछापको दोरम्बा हत्याकाण्ड, कालिकोटको कोटबाडा हत्याकाण्ड, मैना सुनुवार हत्याकाण्डजस्ता घटनाका दोषीलाई कारवाही गर्न सिफारिस हुँदा पनि कारवाही हुन नसकेको उनको अनुभव छ ।
यस्ता कैयौं घटनामा पीडितले न्याय नपाउँदा उनलाई थक्कथक्क लाग्छ । एक जमानामा थियो, नेपालमा मेडिकल कलेज स्थापना हुन्छ वा चाहिन्छ भन्ने कल्पना पनि गरिदैनथ्यो । उनी सम्झन्छन्, 'डा. यज्ञराज जोशी भन्थे हामीलाई अहिले मध्यम तहको जनशक्ति चाहिएको छ, मान्छेलाई झाडापखालाको औषधि त पु¥याउन सकिएको छैन किन चाहियो मेडिकल कलेज ? पछि मेडिकल कलेज स्थापना गर्न एउटा अध्ययन कमिटी नै बनाइयो, जसमा डा. दिनेशानन्द वैद्य, मनमोहनलाल सिंह र अरु एक दुई जना थिए । उनीहरूले दिल्ली गएर अध्ययन गरी रिपोर्ट बुझाए । त्यसको धेरैपछि मेडिकल कलेज खुल्न थाल्यो ।अहिले देशभर १९ वटा मेडिकल कलेज छन् । उनको मूल्यांकन छ, 'उपचार सुविधामा धेरै प्रगति भए पनि मेडिकल कलेजले धेरै विकृति निम्त्याएका छन्, पहिले सेवाभाव थियो, अहिले डोनेसन दिएर पढ्ने प्रवृत्तिले व्यापारीकरण बढेको छ ।' स्वास्थ्य प्रशासनमा पनि घुसखोरी बढेको सुनेका छन् उनले । भन्छन्, 'हाम्रा पालामा त यस्तो थिएन, अहिले त १०–१५ लाख दिएर निर्देशक बन्छन्, पदको दुरूपयोग गर्छन् भन्ने सुन्छु । डाक्टरले लिने फीसका बारेमा पनि उनले सम्झिए – पहिला बिरामी जाँचेको ५ रुपियाँ लिन पाइन्थ्यो । पछि राजा वीरेन्द्रले ६ रुपियाँसम्म लिन पाउने व्यवस्था गरे । त्यो पनि महँगो भयो भन्थे मानिसहरूले ।डा. दासका जेठा छोरा आनन्दमोहन लाल दास खानेपानीमा इन्जिनियर रही उमेरको हदले अवकाश पाई ज्येष्ठ नागरिक भइसकेका छन् भने कान्छा छोरा सुरेन्द्रमोहन लाल दास औषधि पसल चलाउँछन् । दुवै छोरीका पति श्यामसुन्दर लाल साह र टिएन मल्लिक नामी डाक्टर छन् । श्रीमती गंगादेवीको भने २०५४ सालमै निधन भइसकेको छ ।

# योगले बनाउँछ निरोग र अस्थिर मनलाई स्थिर



## प्रणायामको रहस्य

*योग विद्याका प्रवर्तक आदि गुरु भगवान शिव हुन् भने योग विद्याका प्रवक्ता भगवान हिरण्यगर्भलाई मानिन्छ । यस्तै योग विद्यालाई अझ सहज तथा सरल बनाइदिने काम विभिन्न समयमा विभिन्न ऋषि मुनिहरुले गर्नु भएको छ । यसमध्ये योग विद्याका वैज्ञानिक पतञ्जली ऋषिको अष्टागिंक योग मा प्रणायाम विद्यालाई चौथोमा राखिएको छ । प्रणायाम विद्या यस्तो प्रभावकारी विद्या हो जसको माध्यमबाट जीवन र जगत दुवैलाई रुपान्तरण तथा आनन्दपुर्ण बनाउन सकिन्छ । यसमा किंचित पनि शंकाको ठाउँ हुनु हुँदैन ।*

जगदिश ठाकुर





परिवर्तन संसारको नियम हो । गति, काल, समय वा परिवर्तन उस्तै उस्तै जस्तो लाग्छ । समयको गति वा प्रवाहलाई कसैले पनि रोक्न सक्तैन । यो आफ्नै गतिमा निरन्तर चलि रहन्छ । समयको निरन्तर प्रभावसंगै हामी पनि २१ औँ शताब्दीको तेश्रो दशकमा यात्रा गरिरहेका छौँ । परिवर्तनको अप्रत्यासित तथा अनियन्त्रित गतिले मानिसलाई यन्त्रवत बनाई दिएको छ । परिणामस्वरुप मानव जीवनलाई अत्यन्त छोटो र जोखिमयुक्त बन्दै गइरहेको छ । जसले गर्दा अनेकौ किसिमको शारिरिक तथा मानसिक विकारहरु उत्पन्न भइरहेको देख्न सकिन्छ । विगतका वर्षहरुमा कहिले काहिँ मात्र सुनिने गरेको डायविटिज (सुगर, चिनी रोग), हार्टअट्याक, क्यान्सर, ग्याष्ट्रिक लगायत कयौँ प्रकारका रोगहरु अचेल जताततै देखिन थालेका छन् । अब यस्ता रोगीहरु शहरमा मात्र नभई गाउँहरुमा समेत देखिन थालेका छन् ।अर्को कुरा के पनि छ भने अब यस प्रकारका रोगहरु उमेर, लिङ्ग, धनि–गरिब वा निश्चित ठाउँको परिधिभन्दा बाहिर गइसकेको छ । यसले गर्दा शारिरिक मात्र नभई वभिन्न प्रकारका मानसिक रोगका मनोरोगीहरु समेत जताततै देखिन थालेका छन् । मानिसहरु आफुलगायत आफन्त बिरामी भएपछि ऋण काढेर होस् या भएभरको सम्पत्ति बेचेर भएपनि आफ्ना त्यस्ता बिरामी सदस्यहरुलाई अन्तिम सास चलिरहेसम्म उपचार गराइराखेका हुन्छन् । यो बाध्यता पनि हो उनीहरुको । अब यहाँ सोच्नुपर्ने कुरा के छ भने संघीय वा क्षेत्रीय राज्यस्तरवाट यसको रोकथाम र उपचारको लागि हजारौँ जनशक्ति तथा अर्बौंको यन्त्र एवम् संयन्त्रहरुको परिचालन भएकै हो । तर पनि यस्ता बिमारीहरुको संख्या दिनैपिच्छे अप्रत्यासित रुपमा बढिरहेको छ । के यस्ता बिरामीहरुको रोकथाम तथा निराकरणको स्थायी समाधान अन्य कतै छ त ? अवश्य छ, र त्यो हो योग शिक्षा । वास्तविक योग शिक्षाको पहुँचद्वारा यस्ता विकराल स्वास्थ्य समस्याहरुबाट अवश्य पनि राहत पाउन सकिन्छ । योग शिक्षाको विकासले समाजलाई आर्थिक, शारीरिक, सामाजिक तथा मानसिक रुपमा समृद्ध तुल्याउन अवश्य पनि सहयोग पु¥याउँछ । तर यहाँ याद राख्नु पर्ने महत्वपुर्ण कुरा के छ भने योगको प्रयोगको निरन्तरताले मात्र यसका लाभहरु लिन सकिन्छ । अब यहाँ योग शिक्षा अन्तर्गत एउटा छोटो, सरल, सहज तर अत्यन्त प्रभावकारी प्रणायाम बारे जानकारी पस्किदैछु ।

**प्रणायाम के हो ?**

हाम्रो शरिरलाई जीवन्त राख्न जीवन शक्ति (भाइटल फोर्स) को आवश्यक्ता पर्दछ । होम्योपैथीको सिद्धान्त अनुसार जब जीवन शक्ति कमजोर हुन्छ अनि हामि रोगी हुन पुग्छौँ । एलोपैथले पनि हाम्रो इम्युन सिस्टम (रोगबाट लड्ने शक्ति) कमजोर भएपछि हामीलाई बिरामीले च्याप्न थाल्ने बताउँछ । हो, यसै शक्तिलाई



यौगिक भाषामा वायुको अन्तरंग शक्तिलाई ‘प्राण शक्ति’ भनिन्छ । प्राण शक्तिको अनियमितताले हामी बिरामी पर्न जान्छौँ । जबसम्म हाम्रो श्वास चल्छ त्यतिबेलासम्म हामी जिवित हुन्छौँ भने श्वास बन्द भएपछि हाम्रो मृत्यु हुन्छ । अब यहाँ हामीलाई स्वस्थ हुन र स्वस्थ भइराख्न प्रणायामको के काम वा महत्व छ त्यो हेरौँ । सामान्य अवस्थामा हामी प्रति मिनट १६ देखि १८ पटक श्वास प्रश्वास गर्छौँ । तर, अशान्त भएको बेला या रोगी भएको अवस्थामा तिव्रगति या श्वास लिन मुश्किल हुन जान्छ । यसरी अनियन्त्रित श्वासले अनेकौँ रोगको समेत जन्म दिने काम गर्छ । प्रणायामको मूल उदेश्य लामो र गहिरो श्वासको माध्यमबाट श्वासलाई लयबद्ध गर्नु हो । यसरी प्रणायामको माध्यमबाट लामो र गहिरो श्वासको अभ्यासबाट श्वास प्रश्वासलाई सन्तुलित बनाइ स्वस्थ रहन मदत गर्छ । अध्यात्म र विज्ञान समेत हाम्रो शरिर ६३ खर्ब सेल्सले बनेको प्रमाणित गरिसकेको छ । त्यस्तै चिकित्सा विज्ञान (मेडिकल साइन्स) ले पनि के भन्छ भने जुन कोशिकामा अक्सिजन राम्रोसंग पुग्छ त्यो अंग रोगी हुन सक्तैन तथा उसको आयु बढ्छ । जब हामी श्वास लिन्छौँ अनि अक्सिजन फेफडामा गएर रगतलाई शुद्ध गर्छ त्यसपछि त्यहीँ शुद्ध रगतलाई हृदयको माध्यमबाट पुरै शरिरमा पुर्याउने काम गर्छ ।



फलस्वरुप हामी रोगी हुनबाट जोगिन्छौँ साथै आयु पनि लामो हुन जान्छ । प्रणायामले शरिर मात्र स्वस्थ हुँदैन कि मन पनि शान्त हुन थाल्छ र अन्ततः यसले ध्यान तथा समाधिको अवस्थामा पुर्याउन ठुलो मदत गर्छ । प्रणायाम स्वास्थ्य तथा समृद्ध जीवनदायनी शक्तिको श्रोत हो । लामो र गहिरो श्वास प्रश्वास । सामान्य रुपमा पनि यदि २ मिनेट आँखा बन्द गरेर लामो र गहिरो श्वास लिने र छोड्ने काम गर्यौं भने यसले मनलाई शान्त गर्छ र तनावलाई कम गर्न मदत गर्छ । हाल विश्वव्यापी रुपमा अनेकौँ संस्थाहरुको रिसर्चहरुले समेत प्रणायामद्वारा क्यान्सर, डायविटिज, मुटु रोग, किड्नी रोग, छाला तथा मानसिक रोगलाई समेत निको पार्न सकिने कुरा प्रमाणित भएको छ । प्रणायामको रहस्य र यसका विशेषताबारे परापुर्वकालदेखि हाम्रा सनातन ऋषि मुनिहरुले अनेकौँ खोज जनमानसलाई प्रदान गरेको छ । ऋषिहरुले संसारदेखि मोक्षसम्मको यात्रामा सिँढीको रुपमा प्रणायामलाई प्रयोग गरेको र सांसारिक व्यक्तिहरुले समेत गर्न सकिने कुरा प्रमाणित भइसकेको छ । प्रत्येक व्यक्तिले धेरै होइन कम्तीमा प्रत्येक दिन बिहान एकदेखि डेढ घण्टाको प्याकेज बनाएर दिनहुँ केही प्रमाणिक स्थुल तथा सुक्ष्म व्यायाम, आसन, प्रणायाम तथा ध्यान गर्यो भने आफुलाई शारीरिक तथा मानसिक स्वास्थ्य प्राप्त गर्न धेरै मदत मिल्छ ।

**कुन व्यायाम कति समयसम्म गर्ने ?**

सुक्ष्म तथा स्थुल व्यायामः १० मिनेट

आसनः १५ मिनेट

भष्त्रिकाः ५ मिनेट

कपालभातिः १० मिनेट

अनुलोम विलोमः १० मिनेट

उज्जैयीः २ मिनेट

भ्रामरीः ३ मिनेट

ध्यानः १० मिनेट

उत्सवः नृत्य ५ मिनेट

उपरोक्त योगका प्रक्रिया सुरु गर्नु अघि केही समयका लागि जानकार वा योग तथा ध्यानका प्रशिक्षकको निगरानीमा गर्नु जरुरी हुन्छ । होइन भने यसले लाभभन्दा बढी हानी गर्न सक्छ । यदि हामीले आफ्नो जीवनमा योग प्रणायामलाई निरन्तरता दिन सक्यौँ भने यसले हाम्रो शारीरिक तथा मानसिक स्वास्थ्य त प्रदान गर्छ नै साथै यसको प्रभाव परिवारका अन्य सदस्यहरुलाई पनि पर्छ । र, अन्ततः यसले हाम्रो लोक र परलोक दुवै यात्रालाई स्वस्थ्य र सफल बनाइदिन्छ ।

**योगबाट प्राप्त हुने प्रमुख फायदाहरु**

**योगका ५ फाइदा**

योग परम्परागत चिकित्सा पद्धती र जीवनशैली हो । यो वैज्ञानिक र व्यवहारिक छ । त्यसैले आत्मअनुशासन कायम गर्दै स्वस्थ्य र सकारात्मक जीवन बाँच्नका लागि योग गर्नेहरूको संख्या बढ्दो छ । योगले हाम्रो अस्थिर मनलाई स्थिर बनाउने काम गर्छ । मानिसका मनमा राम्रा–नराम्रा अनेक वृत्ति, उत्पत्ति र लय उत्पन्न भएका हुन्छन् । त्यसैले मनमा सकारात्मक भावनाको विकास गर्नका लागि पनि योग गर्नुपर्दछ ।

१. धेरैले कुनै पनि रोग लाग्नेबित्तिकै अस्पतालको औषधि प्रयोग गर्नुपर्छ भन्ने मान्यता राख्छन् र हस्पिटल कुद्न हतार गर्छन् । तर, कतिपय अवस्थामा योगबाटै गम्भीर रोगलाई पनि निको पार्न सकिन्छ ।

२. योगले मानिसमा आफूभित्र रहेको रोगको निदान गर्न सक्छ । केही विद्वान् ऋषिमुनिले योगको अर्थ संयोग अथवा मिलन भनि परिभाषित गरेका छन् ।

३. योगले व्यक्तिको तनाव कम गर्न मात्रै नभएर मन र मस्तिष्कलाई पनि शान्त बनाउँछ । शारीरिक र मानसिक दुवै तवरले स्वस्थ रहनका लागि खाना, आराम र व्यायामको सन्तुलन मिल्नैपर्दछ । यसका लागि प्राकृतिक भोजन, प्राकृतिक आराम र व्यायामको सन्तुलन मिल्न जरुरी छ । योग स्वास्थ्यका लागि सबैभन्दा महत्त्वपुर्ण व्यायाम हो । हाम्रो अस्वस्थ जीवनशैलीले थरीथरीका रोगलाई निमन्त्रणा दिइरहेको छ ।

४. मानव शरीरमा योगबाटै निको हुने अधिकांश रोग हुन्छन् । यसका लागि योग प्रशिक्षकसँग अन्तक्रि्रया गरेर नियमित रूपमा योग गर्न जरुरी हुन्छ । त्यसैले आधुनिक समाजमा योगको महत्व बढ्दै गएको छ ।

५. योग गर्दा श्वास र ध्यानमा विशेष ध्यान पु–याउनुपर्ने हुन्छ । शरीरको मुभमेन्टसँगसँगै योग र ध्यानमा विचार पु¥याउन जरुरी हुन्छ । योग सुरु गर्दा जुन योग गरिन्छ, मस्तिष्कमा त्यसको तस्बिर उतार्दै जानुपर्दछ ।

(लेखक ठाकुर आचार्य एवम् योग प्रशिक्षक र डायमण्ड वल्ड वाईड संस्थाका संस्थापक हुनुहुन्छ)

सभ्यता

# बुद्ध जन्मस्थलः लुम्बिनी



संयुक्त राष्ट्रसंघीय नियोग युनेस्कोले सन् १९९७ मा लुम्बिनीलाई विश्व सम्पदासूचीमा सूचीकृत गरेको छ । यहाँ आयोजित अन्तर्राष्ट्रिय बौद्धशिखर सम्मेलनहरुले लुम्बिनीलाई बुद्धको जन्मस्थलका साथै बुद्धत्व र बौद्धदर्शनको उद्गमस्थल घोषणा गरेका छन् । विभिन्न समयमा आयोजना गरिएका विश्व बौद्ध शिखरसम्मेलनहरुले लुम्बिनीलाई विश्वशान्तिको मुहान् घोषणा गरेका छन् । बौद्धविद्या, दर्शन, बौद्धवास्तुकलाको संरक्षण र विस्तार गर्न शिखर सम्मेलनको घोषणा मुताबिक यहाँ लुम्बिनी बौद्ध विश्वविद्यालय स्थापना गरिएको छ । बुद्धजयन्ती तथा अन्तरर्राष्ट्रिय बौद्ध शिखर सम्मेलनमा राष्ट्रप्रमुख तथा सरकारप्रमुखहरु उपस्थित हुने गरेबाट लुम्बिनीले राष्ट्रिय महत्व प्राप्त गरेको छ ।



नारायण भण्डारी

भगवान गौतम बुद्धको जन्म नेपालको लुम्बिनीमा भएको हो । लुम्बिनी प्रदेश नम्बर ५ को रुपन्देही जिल्लामा पर्दछ । बुद्धजन्मस्थल लुम्बिनी भैरहवास्थित गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलदेखि केही पश्चिममा रहेकोछ । राजधानी काठमाडौदेखि भने करिब २९० किलोमिटर पश्चिममा पर्ने लुम्बिनी १० घण्टाको मोटरयात्रा गरी पुग्न सकिन्छ ।तत्कालीन कपिलवस्तु गणराज्यको पूर्वीभेगमा पर्ने रोहिणी नदीको किनारमा लुम्बिनी बगैंचा रहेको थियो । विगतमा लुम्बिनीलाई रुपन्देही,रुमिन्देई,रुम्बिनी समेत भनिन्थ्यो । यहाँ रुम्बिनी देवीको पूजा गरिन्थ्यो । यसै देवीमन्दिरको परिसरमा पोखरीसहितको बगैंचा थियो । लतालहरा, पुष्प,पुष्करिणी पक्षी र वृक्षहरुको लावण्यले गर्दा यो बगैंचा लोभलाग्दो देखिन्थ्यो । त्यसैले यसलाई चित्तलता वन पनि भनिन्थ्यो ।कपिलवस्तुमा



शाक्यवंशी राजा शुद्धोधनले राज्य गरेका थिए । उनकी रानी मायादेवी लुम्बिनीदेखि पश्चिममा पर्ने देवदहस्थित माइतीघर जाँदा लुम्बिनी बगैंचाको बाटो भएर जाने गरी प्रस्थान गरिन् । दोजिया मायादेवीलाई लुम्बिनी पुग्दा प्रसूति पीडा भयो र उनले यहीँ विश्राम गरिन् । लुम्बिनी बगैंचामा रहेको पुष्करिणीमा स्नान गरेपछि मायादेवीबाट राजकुमार सिद्धार्थ गौतमको जन्म भयो । सिद्धार्थको जन्ममितिका सम्बन्धमा इतिहासकारहरु मतैक्य नभए पनि लुम्बिनी विकास कोषको वेबसाइटमा इशा पूर्व ६२३ उल्लेख गरिएको छ । कतिले इशापूर्व ५६३ पनि उल्लेख गरेका छन् । जन्मको २९ वर्षमा गृहत्याग गरेका सिद्धार्थले ज्ञानका लागि कठिन तपस्या गरे । अनेक तप साधना गरेपछि ३५ वर्षको उमेरमा उनलाई ज्ञान प्राप्त भयो र उनी बुद्ध बने । फेरि जन्ममरणको चक्रमा नपर्ने परम पदमा पुगे । निर्वाण प्राप्त गरे । यसरी बुद्धत्व पाएपछि उनको ज्ञान बौद्धदर्शनका रुपमा संसारभर फैलियो । मानव जातिमा बुद्धत्व प्राप्त गर्ने उनी प्रथम व्यक्ति भए । उनीबाट निःसृत बौद्धज्ञानलाई पछि बौद्धधर्म भनियो । आज विश्वमा बौद्धधर्म मान्ने मानिसको संख्या २ अर्बभन्दा बढी छ । बौद्धदर्शन र जीवनशैली मन पराई उनप्रति श्रद्धा गर्नेको संख्या पनि उत्तिकै छ । आज उनी शान्तिका अग्रदूत,दार्शनिक विचारक मध्यमार्गी पथका प्रदर्शकका रुपमा जगत्प्रसिद्ध छन् । जीवन विज्ञान र ज्ञानका मार्गमा बुद्धबाट शिक्षा पाएका भक्तहरुले उनलाई भगवान भनेर सम्बोधन गर्न थाले । उनी गौतम बुद्धका नाउँले चिनिए । उनको मध्यम मार्गको शिक्षा बौद्धवाद् अथवा बुद्धिजमका रुपमा स्थापित भयो । विश्वभरका बौद्धमार्गी र बौद्धदर्शनका अध्येतका लागि लुम्बिनी दर्शनीय धाम बन्यो ।८० वर्षको उमेरमा भगवान बुद्धले महापरिनिर्वाण प्राप्त गरेपछि बुद्धजन्मस्थल लुम्बिनी सर्वाधिक महत्वको भूमि बन्यो । उनका शिष्य, समर्थक, अन्वेषकले लुम्बिनीको दर्शनयात्रा गरे ।बुद्धजन्मस्थलको दर्शनयात्रा गर्ने मगध नरेश अशोकको नाम अग्रपंक्तिमा आउँछ । कलिङ्युद्धबाट विरक्त भएका अशोकले इशापूर्व दोस्रो शताब्दीमा लुम्बिनीको दर्शन गरी अशोक स्तम्भ उभ्याएका थिए । त्यो स्तम्भ आज मायादेवी मन्दिरको पश्चिममा यथावत् छ ।अशोकपछि चिनिया तीर्थयात्री भिक्षु फा सियानले इशाको चौथो शताब्दीमा लुम्बिनीको यात्रा गरेका थिए । इशाको सातौं शताब्दीमा चिनिया बौद्धभिक्षु हुयान शाङले लुम्बिनीको यात्रा गरी अशोक स्तम्भ र वरिपरिको वनखण्डको बयान गरी लुम्बिनीको वृतान्त लेखेका थिए ।हुयान शाङ यात्रापछि लुम्बिनीको इतिहास १४ औं शताब्दीसम्म अज्ञात जस्तै रहन्छ । चौधौं शताब्दीको आरम्भमा कर्णालीका राजा रिपु मल्लले अशोक स्तम्भमा अभिलेख राखेको पाइन्छ । ओम् मणि पद्मे हुँम् रिपु मल्ल विजयते लेखेर उनले आफू लुम्बिनी आएको उल्लेख गरेका छन् ।धेरै वर्षसम्म लुम्बिनी जंगलाद् रह्यो । राणकालमा बडाहाकिम भई पाल्पा गएका खड्गशमशेरले चिनिया बौद्धभिक्षु हुयान शाङको वृत्तान्तबमोजिम लुम्बिनीको खोजी गरे । खोजी गर्दै जाँदा शिकार खेल्ने वनखण्डमा उनले सन् १८९६ मा अशोक स्तम्भ फेला पारे । शिलास्तम्भमा उत्कीर्ण अभिलेखका ९० अक्षर यथावत् रहेको पनि देखियो । पाश्चात्य पुरातत्वविद् एलोइस एण्टन फुहररको सहयोगमा अभिलेखको संरक्षण गर्ने काम भयो । र भगवान बुद्धको जन्म नेपालको लुम्बिनीमा भएको प्रमाणित हुनपुग्यो ।अभिलेखमा हिद बुधे जाते भन्ने वाक्यांश उल्लेख भएबाट यो नै भगवान गौतम बुद्धको जन्मस्थल हो भन्ने प्रष्ट भयो । परानावितानालगायतका विद्वानहरुको प्रयासले अभिलेखको अनुवाद पनि गरियो । ब्राह्मी लिपिमा कुँदिएको पाली भाषाको यस अभिलेखमा यी वाक्य लेखिएको छ ।

देवानाम पियन पियदसिन लाजिन विसती वसाभिसितेन

अतन आगाच महियिते हिद बुधे जाते सक्यमुनि ति

सिला विगडभिचा कालापिता सिलाथभेच उसपा पिते

हिद भगवम जाते ति लुम्मिनी गामे उबलिके कते

अथ भागिय च ।

अर्थात्

देवताहरुका प्रिय प्रियदर्शी अशोक राजा राज्याभिषेकको बीसौं वर्षमा आफै आउनुभयो र बुद्धजन्मस्थलको पूजा गर्नुभयो । उहाँले यहाँ भगवानको जन्म भएकाले ढुँगाको स्तम्भ बनाई त्यसमाथि अश्वाकृति स्थापना गर्नुभयो । भगवानको जन्म भएको लुम्बिनी गाउँलाई उहाँले करमुक्त



गराई उत्पादनको आठ भागको एक भाग मात्र तिर्नुपर्ने गराउनुभयो ।अनुवादक ः जर्मन विद्वान एगन जुलियस थियोडर हल्चस् ।राणकालकै शिक्षामन्त्री केशरशमशेरले लुम्बिनीमा मायादेवी मन्दिरको र्निमाण गरे । भगवान् गौतम बुद्धको जन्मस्थलबारे प्रचारप्रसार भएपछि विश्वभरका दर्शनार्थीहरु नेपालको लुम्बिनी आउन थाले । यसै क्रममा तत्कालीन बर्माबाट संयुक्त राष्ट्रसंघका लागि महासचिव बन्नुभएका डा ऊ थान्तले लुम्बिनीको भ्रमण गर्नुभयो ।उहाँको भ्रमणले बुद्धजन्मस्थल अझ बढी परिचित हुनपुग्यो । यसले लुम्बिनी विकासका लागि संसारभर जागरण पनि ल्यायो । राष्ट्र संघका लागि जापानी वास्तुविद् प्राध्यापक डा केन्जो टाँगेले लुम्बिनी विकासको गुरुयोजना बनाउनुभयो । यो गुरु योजना कार्यान्वयन गर्न र लुम्बिनीक्षेत्रको विकासका लागि संसारभरबाट प्राप्त भएको सहयोग परिचालन गर्न सरकारले सन् १९८५ मा लुम्बिनी विकास कोषको गठन ग¥यो ।लुम्बिनीको गुरुयोजना अनुसार बुद्धजन्मस्थलको एक माइल भूमिमा पवित्र उद्यान बनाउने र वरिपरि चक्रीय पोखरी निर्माण गर्ने योजना रहेको छ । गुरुयोजनाले केन्द्रीय भागमा बगौंचा,मायादेवी मन्दिर,पुष्करिणी,बोधीवृक्ष अशोक स्तम्भ र पहुँच मार्ग रहने व्यवस्था गरेको छ । लामो समयसम्म मायादेवी मन्दिर क्षेत्रमा उत्खनन गर्दा प्राप्त भएका भग्नावशेष,विहारका कोठा,बुद्धपदचिह्न,मायादेवीको मूर्तिलगायतका बहुमूल्य संरचना जोगाउने गरी करिब दुई दशकअघि मायादेवी मन्दिरको पुनर्निर्माण गरिएको हो ।पवित्र उद्यानदेखि उत्तरको अर्को एक माइल लामो क्षेत्रमा सम्पर्क नहर बनाई शान्तिदीपदेखि केन्द्रीय नहर निर्माण गर्नुका साथै दुईतिर विहार बनाउने योजना गरिएको छ । केन्द्रीय नहरदेखि पूर्वमा वज्रयानी तथा थेरावादी विहार बनाउने र पश्चिममा महायानी विहार बनाउने काम भएको छ । यसैक्षेत्रमा ध्यानकेन्द्रहरु पनि बनाइएको छ । विहारक्षेत्रदेखि अझ उत्तरको थप एक माइल क्षेत्रफलमा साँस्कृति भवनको निर्माण गरिनेछ । लुम्बिनीको स्थानीय संस्कृति र बौद्धकला झल्किने आवास, होटल, अध्ययन केन्द्र बनाउने गुरुयोजनामा उल्लेख छ । गुरुयोजना अनुसार धेरैजसो संरचनाको निर्माण सम्पन्न भइसकेको छ । यहाँ तीनतारे होटल, धर्मशाला, बौद्ध स्तूप, पुस्तकालय,संग्रहालय,अनुसन्धान तथा सम्मेलन केन्द्र बनिसकेका छन् । संयुक्त राष्ट्रसंघीय नियोग युनेस्कोले सन् १९९७ मा लुम्बिनीलाई विश्व सम्पदासूचीमा सूचीकृत गरेको छ ।यहाँ आयोजित अन्तर्राष्ट्रिय बौद्धशिखर सम्मेलनहरुले लुम्बिनीलाई बुद्धको जन्मस्थलका साथै बुद्धत्व र बौद्धदर्शनको उद्गमस्थल घोषणा गरेका छन् । विभिन्न समयमा आयोजना गरिएका विश्व बौद्ध शिखरसम्मेलनहरुले लुम्बिनीलाई विश्वशान्तिको मुहान् घोषणा गरेका छन् । बौद्धविद्या,दर्शन,बौद्धवास्तुकलाको संरक्षण र विस्तार गर्न शिखर सम्मेलनको घोषणा मुताबिक यहाँ लुम्बिनी बौद्ध विश्वविद्यालय स्थापना गरिएको छ ।बुद्धजयन्ती तथा अन्तरर्राष्ट्रिय बौद्ध शिखर सम्मेलनमा राष्ट्रप्रमुख तथा सरकारप्रमुखहरु उपस्थित हुने गरेबाट लुम्बिनीले राष्ट्रिय महत्व प्राप्त गरेको छ । लुम्बिनी पुग्नका लागि चौतर्फी सडक सम्पर्कको सुविधा छ । सार्वजनिक यातायातका साथै काठमाडौ पोखराबाट दिनहुँ पर्यटक सेवाका बसहरु लुम्बिनीसम्म सञ्चालित छन् । हवाई यातायातको पनि नियमित सेवा उपलब्ध छ । विगतमा भन्दा स्तरीय संरचनाको संयोजना गरिएको लुम्बिनीसँग दरबारक्षेत्र कपिलवस्तु, मावलीगाउँ देवदह, तथा बुद्धअस्थिधातु राखिएको रामनगरलगायतका क्षेत्रलाई जोडेर विशाल बौद्धतीर्थ बनाउनु आवश्यक छ । यसले बौद्धतीर्थयात्री र पर्यटकलाई सजिलो हुनेछ । यी सबै सम्पदालाई समेटेर यात्रापथ बनाउँदा भगवान बुद्धसँग सम्बन्धित धेरै स्थलको दर्शन एकै पटकमा सम्भव हुनेछ ।नेपालले उत्तरतिर विश्वधुरी सगरमाथा पाएको छ । मुलुक निर्वाणको नगधुरीले उच्च भएको छ । दक्षिणतिर ज्ञानभूमि शान्तिभूमि,बुद्धजन्मस्थल लुम्बिनीले शोभित छ । लुम्बिनीक्षेत्र मक्कामदिना,जेरुसेलम जस्तै जगतका महानतम् तीर्थस्थलमध्ये एक हो । विश्वगौरवका यी सम्पदाले गर्दा नेपाल दर्शनीय देश बनेको छ । महनीय भूमि बनेको छ । जन्मभूमिमा उन्नत गिरि र गहन ज्ञानको गरिमा पाएर नेपाली जनता सदा गौरवान्वित छ ।

नाटक

# निजी शिक्षकको अन्यौल जिन्दगी



● निरन्जन महतो ●



(यी दुई शिक्षकको सम्वाद, मनोवाद र अनुभवलाई नाटकीय रुपले प्रस्तुत गरिएको छ ।

पात्रहरुः अमरेन्द्र पाल सर, मोहन शंकर राही, सुबोध कृष्ण जोशी)यसमा पात्र अमरेन्द्र पाल १२ वर्ष भन्दा बढि समय +२ क्षेत्रमा अभ्यास गरे तापनि उ आफूलाई असफल एवम अन्यौल पूर्ण जीवन बाँच्न बाध्य भएको छ । शिक्षक सेवा अन्तरगत सफल हुन सकिन्थ्यो । तर पारिवारिक झमेला, आर्थिक समस्या र सो समस्याबाट श्रृजना मानसिक उथल पुथलका कारण प्रतिस्पर्धामा सहभागी त भए तर असफल भए । निश्चय नै अपूर्ण तैयारीबाट असफल हुनु स्वभाविक नै हो । तत्पश्चात नीजी शिक्षक रुपमा जीवनयापन गर्न बाध्य भए । यहाँ नीजि शिक्षक भनेको त्यहाँ अस्थीर रुपले कार्यरत रहनु हो । यी शिक्षकहरुको पारिश्रमिक एउटा घण्टी रु.४०००/–, रु. ५०००/– र रु. ६०००/– यो पारिश्रमिक क्याम्पस पिच्छे, +२, स्नातक वा स्नातकत्तोरमा फरक–फरक हुन सक्दछ । यस शैक्षिक क्षेत्रमा दैनिक ज्यालादारी पनि छ । शिक्षक जुन दिन पढाउँछ , त्यहि दिनको पारिश्रमिक पाउँछ । शनिबार वा विदा भएको दिनको पारिश्रमिक शिक्षकले पाउँदैनन् । अर्थात, दशैं, तिहार एवम छठ्मा अतिरिक्त खर्च हुने पर्वमा आम्दानी नै हुँदैन । तर छोरा भएर जन्म लिई सके पछि अबेर सबेर आफ्नो घर–परिवारको नेतृत्व लिनु पर्ने यो स्वभाविक कुरा हो ।आफू व्यवस्थापन संकायको शिक्षक भएर १२ वर्ष सम्म यहाँ पर्सा र वाराको +२ क्याम्पसमा शिक्षण पेसामा अभ्यस्त रहे । यस संकायमा विधार्थी प्राथमिक रुपले लेखाशास्त्र, अर्थशास्त्र, अंग्रेजी शेष विषय चौथो, पाँचौ र छैठौ स्थानमा राख्न सकिन्छ । यहाँ गणित वा गण्ति जस्तै विषय पढाउनु भनको महान् कार्य हो । हुन पनि सक्दछ यी विषयको टिउशन पनि चल्छ । अतिरिक्त आम्दानी पनि हुन्छ ।विभिन्न शिक्षकहरुसँग भएको सम्वाद यस प्रकार नाटकीय रुपले उल्लेख गरिएको छ ।



घण्टी लागेको थियो, शिक्षकहरु एक कक्षा बाट अर्को कक्षामा आई–गई रहेको थिए । म प्रांगनमा थिए । एउटा सरले बोलाउनु भयो, अमरेन्द्र सर । कलैया, बाराको एउटा क्याम्पसको द्दश्य हो ।

**सुवोध सरः** अमरेन्द्र सर ।

**अमरेन्द्र सरः** नमस्कार । भन्नुस न के छ ? उहाँ सिनियर शिक्षक थिए ।

**सुवोध सरः** अमरेन्द्र सर दुःख न मान्नु होला । विधार्थीहरु लेखेरै तपाईको पढाउने शैली अनुचित छ भन्ने गुनासो गरेका छन् ।

**अमरेन्द्र सरः** विधार्थीहरु मेरो लेखा पढाउने शैली प्रति असन्तुष्ठि व्यक्त गरेका थिए । मनमा निरासता त आयो तर १२ वर्ष पछि लेखाशास्त्र पढाउन जुन औसर पाएको छु । यो औसर गुमाउनु हुन्न भन्ने मेरो मन मष्तिश्कमा कायम थियो । मैले यसरी जवाफ पर्काए– मैले अध्यापन कार्य सेयर बाट शूरु गरे ।

यो पाठमा कूल १ महिना कमसे कम लाग्ने छ । शूरु–शूरुमा पहिलो सप्तामा करिब १० जना विधार्थीहरु आउँथ्यो, अर्को कुरा ध्यान पर्नेमा के थियो की आषाढ अन्तिम सप्ताह खेतीपाती रोपाईको दिन थियो । अर्को सप्तामा २० जना, फेरी अर्को सप्तामा ३० जना विधार्थीहरु आउन थाल्यो । यसरी पहिलो सप्तामा नआउने विधार्थी दोश्रो सप्तामा पढाई भएको पाठ नबुझ्नु स्वभाविक कुरा
हो । यसमा शिक्षकले के गर्न सक्दछ ?

सुवोध सरः त्यो त हो । तर १२ कक्षाको लेखाशास्त्र पढाउँदा सरहरुले ईनभेन्ट्री मेनेजमेन्टबाट शुरु गर्दछन । तपाई यहाँ चुक्नु भएन त ?

**अमरेन्द्र सरः** हो, यहाँ म चुकेको हुन सक्दछु । तर किताबमा नै पहिलो पाठ सेयरनै दिएको छ भन्ने सेयर पाठ आज पढाउ वा २–३ महिना पछि पढाउ, यसले के फरक पार्न सक्दछ । यस आर्थिक वर्षमा मैले सम्पूर्ण पढाउनु पर्दछ, अन्ततः होईन र सर ।

सुवोध सरः लेखाशास्त्रमा तपाई अभ्यष्त न भएको जस्तो लाग्दछ ?

**अमरेन्द्र सरः** विचलित नभएर जवाफ दिए ।
हो
सर । तपाईको अनुमान सही छ । म ११/१२ को व्यवसायिक अध्ययन १२ वर्ष सम्म पढाए छु । यता तीन वर्ष देखी ११/१२ अर्थशास्त्र पढाई रहेको छु । यसरी १२ वर्ष पछि, लेखाशास्त्र पढाउन औसर पाएकोमा अतियन्तै उत्साहित एवम मेहनती भएको छु ।

**सुबोध सरः** चित बुझ्दो जवाफ पाए पछि ) ठिकै छ, कुनै किसिमको गुनासो आउनु हुन्न भनेर जानु
भयो ।

**अमरेन्द्र सरः** हुन्छ सर । म प्रयत्नशील रहन्छु । यसरी कल इन इरर, कल्स इन एडभान्स, मिक्स्ड एलटमेन्ट र सो सँग सम्बन्धित सवाल ईत्यादी क्रमशः गराउदै गए । समय न मिल्ने कारणले बारा कलैया छोडनु पर्ने अवश्था श्रृजना भयो । त्यहाँ हिसाब किताब बुझ्ने सिलसिलामा एक जना सर सँग भेट भयो र यसै सन्दर्भमा लामो कुराकानी भयो ।

चौमुखी बाटो पिपल बोटको छाँयामा आधा घण्टा जति कुरा गरे । त्यसको केही अंश यस प्रकार छ । मेरा मनमा लागेको जिज्ञासा मोहन सरलाई सोधी हाले ।

**अमरेन्द्र सरः** मैले लेखाशास्त्र पढाउने सिलसिलामा खासै कठिनाई महसूस नगरे तापनि मेरो पढाउने शैली माथी प्रश्न उठाएर मलाई चकित मात्र होईन विचलित पनि पारेको छ । सर ।

**मोहन शंकरः** अहिले बारा जिल्ला मेरो कर्म भूमी बनेको छ । म आफ्नो कर्म माथी अतियन्तै निष्ठावान छु । निसन्देह यो मेरो अन्तिम निर्णय हो । हेर्नुस , तपाईको गुनासो अलि छिटो आउनु पथ्र्यो तर त्यो गुनासो अबेर आएको छ यसको मतलब तपाई मेहनत गरेर पढाउनु भएको छ । यहाँ चार पाँच जनाको एउटा समूह छ । त्यो समुहले यो संकायको तगष्तष्यल आउने विषय उपर पकड बनाएर बसेको छ । यहाँ, तगष्तष्यल पढाउने सरहरुसँग विधार्थीहरुको निकटता हुन्छ । बुझ्नु भयो ।

**अमरेन्द्रः** यस्तो पनि हुन्छ र रु मलाई थाहा थिएन ।

**मोहन संकरः** तपाईलाई अझ धेरै कुरा थाह छैन । म बताउछु तपाई सुन्नुस । यो तगष्तष्यल पढाउने सरले क्याम्पसमा जे चाहन्छ, त्यहि हुन्छ ।

**अमरेन्द्रः** त्यो कसरी रु

मोहन शंकरः क्याम्पसमा जे जति हो हल्ला, अनावश्यक तोडफोड, कसैको चरित्र हत्या, नयाँ मुद्दाको श्रृजना केवल विधार्थी नेता रहँदैन । यसमा वाह्य शक्ति एवम अन्तरिक शक्तिले चलखेल गरेकै हुन्छ ।

**अमरेन्द्र सरः** यस्तो पनि हुन्छ र रु

**मोहन शंकरः** तपाई गणित विषयको विशेषज्ञ शिक्षक हुनुहुन्छ तर व्यवसायिक अध्ययन विषय १२ वर्ष देखी पढाउनु भएको छ । तपाई फर्केर गणित विषय फर्किनु हुन्छ भन्ने जो वर्षौ देखी गणित विषय पढाउँदैछ । तपाई लाई प्रतिस्पर्धीको रुपमा हेर्छ । तपाई लाई तल गर्नको लागि लगातार प्रयत्न गर्दछ । उ असुरक्षित महसूस गर्दछ । प्रतिस्पर्धाको भावनामा बगेर त्यो अनुभवी शिक्षकले नयाँ शिक्षकको कमि कमजोरी श्रृजना गरि विधार्थी लगायत अन्य शिक्षकहरुलाई देखाउँदछ । अन्ततः विधार्थी शिक्षकको गुनासो प्रशासन तर्फ अगाडी पाईला उठाई हाल्छ ।

**अमरेन्द्र सरः** शिक्षण पेसा जस्तो पवित्र पेसामा अपवित्र खेल गजबको छ ।

**मोहन शंकरः** मलाई यस क्षेत्रमा १५ वर्षको अनुभव एवम त्याहाँको वातावरणसँग परिचित छु । म गणितको विशेषज्ञ शिक्षक भए पनि स्थापित हुन सकेको छैन । जो विशेषज्ञ छैन अनुभवको बाहानामा माथिल्लो कक्षामा पढाई रहेको छ भन्ने जो विशेषज्ञ छ तल्लो कक्षामा पढाउँदैछ । खै, कहिले सम्म यो सिलसिला चल्ने हो । तपाई भन्नुस न रु

**अमरेन्द्रः** यसरी त मानिस कुण्ठित हुन्छ । यसरी, अनुभवको बाहानामा विशेषज्ञलाई पंक्तिमा उभाई राख्नु कतै जायज हुन सक्दैन । होईन र रु

**मोहन शंकर सरः** अमरेन्द्र जी । तपाई विचार गर्नुस यदि कानको डाक्टर आँखाको उपचार गर्छ भन्ने कस्तो सेवा सम्पन्न हुन्छ । तपई नै भन्नुस न रु

अमरेन्द्रः यो विकृती लाई रोक्न कुनै उपाय छैन ।

**मोहन शंकरः** यसको नियन्त्रण त्यति पनि कठिन छैन । किनभन्ने क्याम्पस प्रमुख पूर्वाग्राही नभएर विशेषज्ञतालाई ख्याल गरेर जिम्मेवारी बाँडफाँड ग–यो भन्ने निश्चय नै भेदभाव रहँदैन । विशेषज्ञ शिक्षकले प्रदान गरेको शिक्षाको कारण उत्पादित जनशक्ति पनि विशेषज्ञ नै हुन्छ । प्रशासन यस विकृती रुपले अनभिज्ञनै रहन्छ । छात्र–छात्रालाई झन् थेसिस भनेको के हो , जानकारी हुँदैन। सम्बन्धित शिक्षकको थेसिस पनि पूर्ण छ कि छैन । गजबको विचित्रता छ, होईन र रु

**अमरेन्द्रः** विलकुल । तपाई सँग कुराकानी गर्दा समय बितेको थाह नै हुँदैन । दिनको ११ः००ः०० बजे सक्यो । अब खाना खान जानु पर्दछ ।

मोहन शंकरः अँ , मेयर राजेशमान सिंहले शिक्षासँग सम्बन्धित ठूलो निर्णय लिएको छ रे ।

**अमरेन्द्र्र सरः** सामुदायिक विधालय को शिक्षक उपर भरोसा गरेर लिएको निर्णय माथाी मलाई संसय छ । उचित छानविन गरेर जाँच्न सकिन्छ की आयोग उतीर्ण गरेका शिक्षकले दिएका क्थ्भ् को नतिजा र शिक्षा आयोगमा सहभागीनै नभएका वा असफल भएका शिक्षकले दिएको क्थ्भ् को नतिजामा धेरैको फरक छ । सामुदायिक विधालयका शिक्षकको तलब र सुविधा नीजी विधालयको शिक्षकको तलब र सुविधा अतियन्त फरक छ । मलाई लागेको छैन की कुनै विशेषज्ञले यस्तो सल्लाह दिन्छ होला । होइन र ?

**मोहन शंकरः** छोड्नुस । महानगरपालिकाले लिएको निर्णय अघिल्लो क्थ्भ् को नतिजाले देखाई दिन्छ । हेर्नु होला ।

**अमरेन्द्रः** महानगरपालिकाको यहि निर्णयले ४५ वर्ष उमेर नाघेको शिक्षकलाई अन्यौल्तामा धकेलेको छ । आधा तलबमा पनि स्वम सेवक शिक्षकको लागि उमेरको कारण विज्ञापन पर्न पनि सकेन । यसरी पुरानो नीजि शिक्षक अहिले सम्म नीजि शिक्षक भएर कार्य गर्दै छ भन्ने स्वयम सेवा शिक्षकहरुलाई महानगरपालिकाले तलब त कम से कम प्रदान गर्दैछ । यसरी नीजि शिक्षक अन्यौलत पूर्वक जिन्दगी बाँच्न बाध्य भएका छन् ।

**मोहन शंकरः** ल । अमरेन्द्र सर । म निस्किन्छु । फेरी भेटौला ।

**अमरेन्द्र सरः** ओके, ह्याव अ गुड डे ।

कविता

# तिमीलाई चिनेपछि



● रेणु गुप्ता

बल्ल
तिमीलाई आज बुझें
तिमीलाई चिनें पनि आजै
सम्झिन्छु तिमीमाथिका
दुव्र्यवहारहरू÷ दुष्ट्याईंहरू
कठै
बन्चराले हानेका ती दिनहरू
र, चुरोटका ठुटाहरुले सल्काएका
डढेलोहरु
सिरानीमाथिका
कति दुःखेका होलान्
त्यो दिन तिमीलाई
कति छटपटियौ हौला
चिच्याएका हौला
जसरी आज तिम्रो अभावमा
म छटपटिएकी छु
चिच्याएकी छु
अस्पतालका शैय्याहरुमा
तिमीलाई चारैतिर खोज्दैछु
घर, आँगन अनि पँधेरीमा
खोज्दा खोज्दै बल्ल आज
तिमीलाई पाएँ
कुवेत, इरान र इराकमा
बल्ल भेटें तिमीलाई
ती पाखुरा चलाएर
अरुको देश बनाउँदै छौ
आफ्नो पेट पालेकाहरुका
सोचेको थिएँ तिमी
भेटिने छौ होला
महलहरुमा जहाँ यहाँको जस्तो
असुविधाले चियाउँदैन
दुविधाले होच्याउँदैन
तिम्रो अभावमा
मेरा घर अनि आँगनहरु
मसानघाट झैं भएका छन्
जहाँ एक्लै जान पनि
मन डराउँछ
तन हडबडाउँछ
मेरो त्यो ठुलो गल्ती थियो
आज बल्ल बुझ्न पाएँ
तिमीलाई माया गरेको भए
तिमीले पनि मलाई
माया गर्दैनथ्यौ होला र रु
आज मेरो घर र आँगनमा
हाँसो र खुसी हुन्थ्यो होला
जो तिम्रो अभावमा शून्य छ
तिमीलाई आज बल्ल चिने
अनि बल्ल बुझें पनि ।

वैभव संयोजकः सुरेश यादव

# पितृ तर्पण सुरु



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मृत पिताको आत्माको शान्तिका लागि गरिने पितृ तपर्ण शुक्रबार देखि सुरु भएको छ । आ आफनो पितृको मृत आत्मा शान्तिका लागि गरिने पितृ तर्पण गर्नका लागि नेपाल तथा भारतबाट हजारौको संख्यामा जनकपुरधाम पुगेका छन् । हिन्दू परम्परा अनुसार शुक्रवार देखि पितृपक्ष अर्थात् सोह्रश्राद्ध शुरु भएको छ । आश्विन कृष्ण प्रतिपदा देखि आश्विन शुक्ल प्रतिपदासम्म चल्ने पतृपक्षमा आफ्ना दिवंगत पितृको तिथिमा तर्पण, सिदादान तथा पिण्डदान गर्ने परम्परा छ । सोह« वटा तिथिमा पितृप्रति श्रद्धासाथ पितृकार्य गरिने हुनाले नेपाली समाजमा यो विधी सोह् श्राद्धको नामले परिचित छ । आश्विन महिनालाई पितृ पक्ष बनाइएको छ । शुक्रवार पुर्णिमाको दिन अर्पण गर्ने जल र गरिने तर्पण अगस्त मुनी अर्थात सवै मुनीका लागि हुन्छ भने पुर्णिमाको भोलीपल्ट अर्थात शनिवार देखि सुरु हुने विधी देवश्रृषि र पितृ तर्पण हो । जानकारहरुका अनुसार पितृ तर्पण गर्नेहरुलाई पितृदोष लाग्दैन । पृतिदोष लाग्दा थाहा नहुने तर स्मृद्धि, व्यापारमा बृद्धि, र सन्तानको शुस्वास्थ्य तथा शुसंस्कारको अवरोधक मानिन्छ । यो बहुत पुरान पौराणिक परम्परा हो । कर्म दुई प्रकारको देवकर्म तथा पितकर्म हुन्छ जस्ले पितृकर्म गर्छ उस्ले मात्र देवकर्मको फल प्राप्त गर्न सक्ने पनि जानकारहरु बताउछन् ।

यो कर्म जेठो छोराले मात्र नभई सबै सन्तानले गर्नुपर्ने जानकारहरुको सुझाव छ । साथै चाड पर्व, यज्ञयज्ञादि तथा ठूला कार्य गर्नुभन्दा पहिले आफ्ना पितृको श्रद्धासाथ सम्झना गर्ने वैदिक परम्परा समेत हिन्दु संस्कारमा हुन्छ । बडादशैं र तिहारजस्ता महान् चाडका अगाडि पर्ने सोह्रश्राद्धले सन्ततिलाई आफ्ना पितृप्रतिको दायित्वबोध गराउनुका साथै पितृऋणबाट मुक्त गराएर चित्तशुद्धि गराउँछ भन्ने मान्यता रहिआएको छ ।महाभारत युद्धको करिब अन्तिम समयमा कृष्णले कर्णलाई उनको अन्तिम इच्छा बारे सोध्छन । कर्णले भन्छन, ‘म कुमारी आमाको सन्तान भएकाले मेरो दाहसंस्कार पनि यस्तो कुमारी भूमिमा गरियोस जहाँ कुनै अपराध भएको नहोस ।’ भनिन्छ, त्यस्तो भूमि भेट्न त्यतिबेलै पनि गाह्रो भएको थियो ।मृत्यु पश्चात स्वर्गमा कर्णलाई खानामा सुन, हिरा, पैसा, मोती दिइयो । स्वर्गका राजा इन्द्रलाई उनले प्रश्न गरे, मलाई भोक लागेको छ सुन, हिरा, मोती, पैसा मैंले कसरी खानु? मलाई खाना किन दिइएको छैन? जबाफमा इन्द्रले भनें बाँचुन्जेल तिमीले मानिसहरुलाई सुन, हिरा, पैसा, मोती दान गर्यो कसैलाई पनि खाना दान गरेनौं ।

भोकाएका मानिस र पितृ भएका आफ्ना बंशजलाई भोजन दान गरेनौं त्यसैले तिमीले जे दियौ अहिले त्यही पायौ । पृथ्वीमा गएर १६ दिन बसी बंसज पितृलाई भोजन दान गर्ने सुझाब अनुरुप कर्णले १६ दिन सम्म पितृलाई संझिएर भोजन अर्पण गरे । पितृलाई अर्पण गरेपछि छाक टार्न गाह्रो भएका सर्बसारधारणलाई खाना खुवाए । सोही समय देखि पितृलाई संझिएर सोह्र श्राद्धको चलन सुरु भएको मानिन्छ ।

# सुधार गृहबाट दुई बाल बन्दी फरार



***प्रहरीका अनुसार सुधार गृहको छतमा लगाइएको काँडेतार काटेर उनीहरु गृहसँगै टाँसिएर रहेको मेडिकल क्लिनिकको छतमा गई त्यहाँबाट हाम्फालेर भागेका हुन् ।***

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज बाल सुधार गृहबाट दुई किशोर फरार भएका छन् । वीरगंज–४ विर्तास्थित बाल सुधार गृहबाट शुक्रबार बिहान २ बजे कर्तव्य ज्यान मुद्दाका अभियुक्त सर्लाहीका अमरकान्त ठाकुर र जबर्जस्ती करणी मुद्दाका सप्तरीका पाण्डव यादव फरार भएको सुधार गृह प्रमुख टीकाकृष्ण काफ्लेले बताए । सुधार गृहमा १ सय २६ बालक र किशोर रहेकामा शुक्रबार बिहान दुई जना फरार रहेको काफ्लेले बताए । प्रहरीका अनुसार सुधार गृहको छतमा लगाइएको काँडेतार काटेर उनीहरु गृहसँगै टाँसिएर रहेको मेडिकल क्लिनिकको छतमा गई त्यहाँबाट हाम्फालेर भागेका हुन् । जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक कुमार बिक्रम थापाले बाल सुधार गृहबाट फरार भएका दुवै जनाको खोजी भइरहेको बताए ।

बाल सुधार गृहमै भदौ २६ गते गृहमा रहेका बालकबीच विवाद भई झडप हुँदा ३ प्रहरी र ११ बालक घाइते भएका थिए । त्यस्तै, बाँकेको डुडुवा गाउँपालिकामा रहेको जयेन्दु बाल सुधार गृहबाट भागेका एक बाल बन्दी समातिएका छन् । असोज ४ गते राति १० बजे बाल सुधार गृहमा रहेका बाल बन्दीका बीच झडप हुँदा फरार भएका चारमध्ये एक बाल बन्दी दैलेखबाट समातिएका हुन् ।

## सुधार गृहमा छैन मापदण्ड अनुसार सेवासुविधा



**मधेशदृष्टि**
**वीरगंज ।**
मानव अधिकारकर्मीहरूले वीरगंजस्थित बाल सुधार गृह अनुगमन गरेका छन् । इन्सेक प्रतिनिधिसहितको मानव अधिकारकर्मीको टोलीले सुधार गृह अनुगमन गरेको हो ।

बाल सुधार गृहको स्थलगत अवलोकनबाट मापदण्डबमोजिम सुधार गृह सञ्चालन नभएको भेटिएको इन्सेक बागमती प्रदेश संयोजक गणेश भण्डारीले बताए । उनले सुधार गृहको क्षमता भन्दा दोब्बर संख्यामा बालबालिका राख्दा समस्या हुने गरेको बताए । साँघुरो कोठामा १४ देखि १५ जना बालकैदी बस्नु पर्ने बाध्यता रहेको संयोजक भण्डारीले बताए । ६० जना बस्ने क्षमता भएको सुधार गृहमा एक सय २६ बालकैदी बस्दै आएका छन् ।

एउटा कोठामा खाट माथि खाट राखेर बालकैदी बस्न बाध्य छन् । त्यस्तै बालकैदी पढ्न पाउने अधिकारबाट पनि वञ्चित भएको, खेलकुदसम्बन्धी गतिविधि नहुने गरेको, खानेपानीलगायतको समस्या देखिएकाले सम्बन्धित निकायमा समस्या समाधानको लागि पहल गरिने संयोजक भण्डारीले आश्वासन दिए ।

अवलोकनक्रममा सुधार गृहमा देखिएको समस्या प्रतिवेदनमार्फत पेस गरिने मानव अधिकार आयोग हेटौँडाका मानव अधिकार अधिकृत कृष्ण मिश्रले बताए ।

उनले सुधार गृहमा मानवअधिकार तथा बालअधिकारको पूर्ण पालना हुनु पर्ने बताउँदै त्यस्तो नदेखिएकाले सम्बन्धित निकायमा समाधानका लागि पहल गरिने आश्वासनसमेत दिए । सुधार गृहका वार्डेन कृष्णप्रसाद साह गोढले गृहमा थप सुविधा आवश्यक रहेको बताए । उनले खेल मैदानसहितको पर्याप्त भवन भएको सुधार गृह आवश्यक भएको बताए । अनुगमन टोलीमा मानव अधिकार आयोग हेटौँडाका अधिकृत लक्ष्मी पौडेल, सिविनका झविन्द्र ज्ञवाली, शम्भु कुमार सुमनलगायतको सहभागिता थियो ।

# कांग्रेस धनुषाको प्रचारप्रसार शाखाले पुर्णता पायो

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाली कांग्रेसले धनुषामा प्रचारप्रसार समितिलाई पुर्णता दिएको छ । धनुषा कांग्रेसका सह–सचिव विजयकुमार यादवको प्रमुखत्वमा रहेको प्रचारप्रसार शाखामा सदस्यहरु मनोनित गर्दै विस्तार गरिएको छ ।

कांग्रेस धनुषाको प्रचार प्रसार शाखाको सदस्यमा सुजित मिश्रा, राकेश विक्रम साह, प्रदिप साह, जितेन्द्रप्रसाद साह, शिवकुमार यादव, उमेश यादव, ज्ञानेश्वरप्रसाद मण्डल, रमेश साह, नितु मल्लिक लाभ, सुनिता यादव, इन्द्रा चौधरी झा, महेश कुमार साह, लक्ष्मी चौधरी, चन्दन ठाकुर र मो. जासिम कवारीलाई मनोनित गरिएको प्रचारप्रसार शाखाका प्रमुख विजयकुमार यादवले जानकारी दिए । धनुषा कांग्रेसका जिल्ला सभापति योगेन्द्र पँजियारले कांग्रेसको विधान २०१७ संशोधनसहितको परिच्छेद ३ दफा १२ उपदफा ७ को (ज) र विनियमावली २०७६ परिच्छेद १७ दफा ४८ उपदफा ३ को (क) र (ख) अनुसार गठन गरिएको हो ।

# जनकपुरधाममा ईन्द्र पुजा सुरु



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाममा प्रत्येक वर्षझैँ यसवर्ष पनि विभिन्न कार्यक्रमसहित इन्द्र पूजाको आयोजना गरिएको छ । जनकपुरधामको मिल्स एरियामा २०२३ सालदेखि निरन्तर रुपमा मनाउँदै आएको इन्द्र पूजा यस पटक पनि मनाईदैछ । प्रत्येक वर्ष झैँ यस वर्ष पनि आकर्षक मूर्तिको निर्माण गरेर इन्द्र पूजा आयोजना गरिएको छ । शुक्रवार जनकपुरधाम उपमहानगर पालिकाका मेयर मनोज कुमार साहले उदघाटन गर्दै इन्द्रपुजाको औपचारिक सुरुवात भएको हो । दश दिनसम्म चल्ने इन्द्र पूजाको अवसरमा विभिन्न प्रकारको सांस्कृतिक कार्यक्रम पनि आयोजना गरिएको छ । इन्द्र पूजा समितिले आयोजना गरेको पूजामा लाग्ने मेलामा दर्शन गर्नका लागि गाउँ गाउँबाट पनि ठूलो संख्यामा भक्तजनहरू सहभागी हुन गर्दछन् ।

यस वर्ष पूजा समितिले भगवान् इन्द्रको स्थायी मन्दिर नै निर्माण गर्ने पक्षमा रहेको पूजा समितिले जनाएको छ । उदघाटन कार्यक्रममा प्रमुख जिल्ला अधिकारी,प्रहरी उपरिक्षक,शसस्त्रका प्रतिनिधी लगायत स्थानियवासीहरुको व्यापक उपस्थिती रहेको थियो ।

# मुटु बिरामीको निःशुल्क जाँच

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
पार्वती हार्ट सेन्टरले बिरामीको निःशुल्क मुटु जाँच शिविर सम्पन्न गरेको छ । विश्व मुटुदिवसको अवसरमा जनकपुरको थापाचोक स्थित सेन्टरका संचालक समेत रहेका वरिष्ठ मुटुरोग विशेषज्ञ डा. रामकिशोर साह र उनका पुत्र मुटुरोग विशेषज्ञ निश्चल साहले मुटुका बिरामीलाई निःशुल्क जाँच तथा उपचार गरेका हुन् । सो अवसरमा १८७ जना बिरामीको निःशुल्क जाँच तथा उपचार गरिएको सेन्टरका म्यानेजर विजय कुमार कामतीले जानकारी दिए । उनका अनुसार शिविरमा बिरामीहरुको निःशुल्क ईसिजी, इक्को र रगत जाँच गर्नुको साथै औषधि समेत प्रदान गरिएको हो ।

सेन्टरका संचालक समेत रहेका वरिष्ठ मुटुरोग विशेषज्ञ डा. साहले खानपान तथा जीवनशैलीमा हेलचक्र्याई गर्दा मुटुरोगीको संख्या बढ्दै गएको बताए । धुम्रपान तथा मध्यमान गर्ने व्यक्तिमा मुटुरोगको संक्रमणको जोखिम बढी रहेको उनको भनाइ छ । धुम्रपान तथा मध्यपान नगर्न उनको सुझाव छ ।उनका अनुसार विरामी हुँदा मानिसले विशेषज्ञको सल्लाहविनै मनपर्दी औषधि सेवन गर्नाले बिरामीको स्वास्थ्यमा झनै जोखिम बढ्दै गएको छ ।

# पशुपालन व्यवसायलाई वैज्ञानिक बनाउन मन्त्रीको निर्देशन




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री गोविन्द वहादुर न्यौपानेले मधेश प्रदेशका ८ जिल्लाका भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रका प्रमुख तथा चिकित्सकहरुलाई मन्त्रालयमा शुक्रबार निर्देशन दिँदै पशुपालनबाट अधिक लाभ लिने गरि किसानहरुलाई प्राविधिक सरसल्लाह दिन निर्देशन दिएका छन् ।

मन्त्री न्यौपानेले मधेश प्रदेशको समृद्धिको महत्वपूर्ण आधारको रुपमा रहेको पशुपालन व्यवसायलाई वैज्ञानिक बनाउन निर्देशन दिए । उनले प्रदेश सरकारले पशुपालनका लागि ल्याएको कार्यक्रमहरुलाई प्रभावकारी किसिमले समयमा नै कार्यान्वयन गर्न पनि निर्देशन दिए । बैठक तथा छलफलमा मधेश प्रदेशका भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका सचिव डा. शरण पाण्डेले मन्त्रालयले पशु क्षेत्रको समस्या समाधान गर्नका लागि तत्पर रहेको बताए । वैठकमा पशुपक्षी तथा मत्स्य निर्देशनालयका निर्देशक डा. जागेश्वर यादव, मधेश प्रदेशका दुग्ध विकास वोर्डका उपाध्यक्ष डा. शम्भुनारायण साह सहितकाले गरिबी निवारणका लागि पशुपालनमा जोड दिन जरुरी रहेको बताए ।

# पेस्तोलसहित भारतीय पक्राउ




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
महोत्तरीमा हतियारसहित एक भारतीय नागरिकलाई महोत्तरी प्रहरीले पक्राउ गरेको छ । शुक्रबार महोत्तरीको सिमानाका क्षेत्रतर्फ अवस्थित सोनामा गाउँपालिका वडा नम्बर ५ स्थित खयरबनी चोकमा रहेको ईलाका प्रहरी कार्यालयको गस्ती टोलीले भारतबाट नेपाल आउँदै गरेको दुई जना भारतीयलाई चेकजाँच गर्ने क्रममा कटुवा पेस्तोलसहित पक्राउ गरेको हो । कटुवा पेस्तोलसहित पक्राउ पर्नेहरुमा भारत बिहार राज्य जिल्ला सितामढी जयनगर ग्रामपञ्चायत वडा नम्बर ११ बस्ने २४ वर्षिय बलबिन्द्र महतोलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ ।

पक्राउ परेका आरोपित महतोले चलाएको भारतीय नम्बर बीआर ३० के ३४५९ नम्बरको हिरोहोण्डा मोटरसाईकलमा लुकाईछिपाई ल्याइरहेको होममेड इन्डियन कटुवा पेस्तोल एक थान र सो पेस्तोलमा लाग्ने एक राउण्ड गोली, किला उखाल्ने रड २ थान र एक थान पेचकस बरामद गरिएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ । महोत्तरी प्रहरीले दुई थान मोटरसाईकलसहित आरेपित महतोलाई हतियारसहित पक्राउ गरेपनि अन्यको नाम भने खुलाइएको छैन । यता प्रहरीले भने थप अनुसन्धान जारी रहेको महोत्तरी प्रहरीले जनाएको छ ।

# सप्तेश्वरनाथमा हजारौँ तिर्थयात्री सहभागी



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको सप्तपोखर (सतोषर) मा लाग्दै आएको बिशाल बोलबममा यस वर्ष करिव २३ हजार बोलबम तिर्थयात्री सहभागि भएको बताइएको छ ।

सबैला नगरपालिका वार्ड नं.६ का वडा अध्यक्ष पुजन यादवले यस वर्ष काँवरियाहरुको गणना गराएको र गएराति २ बजेदेखि बिहीबार दिनभरमा जम्मा २२ हजार ६ सय ९६ जनाले श्री सप्तेश्वर महादेवको शिवालयमा जल चढाएको बताइएको छ ।

यस मेलामा बोलबम यात्री र दर्शनालुहरुको भिडभाड लाग्ने गर्दछ ।धनुषाको गणेशमान चारनाथ नगरपालिकाको बरमझिया स्थित कमला र चारनाथ नदीको संगम स्थल (घाट) मा जल भरेर सबैला नगरपालिकाको सतोषर स्थित बाबा सप्तेश्वरनाथ महादेवलाई जल अर्पण गर्ने यो बोलबम मेला एकदमै पुरानो र भिडभाड हुने मेला हो । अनन्त चतुर्थीको दिन लाग्ने सो मेलामा यस वर्ष पनि उल्लेखय सहभागिता देखिएको छ । बैदेशिक रोजगारीमा यस क्षेत्रबाट जाने अत्याधिक युवाहरु पलायन हुन लागेपनि मेला हुने भिडभाड विस्तारै कम हुदै गएको पनि देखिन्छ ।

पूर्वी धनुषा सहित अन्य विभिन्न स्थान र भारतको विहारवाट समेत प्रत्येक वर्ष हजारौं हजारको सँख्यामा काँवरियाहरु सतोषर महादेवमा जल चढाउने गर्दछ । राजर्षि राजा जनकको नगरी मिथिलाको राजधानी जनकपुरधामको रक्षका रुपमा रहेको चारवटा महादेव मध्येका एक सप्तेश्वरनाथको दर्शन र जल चढाउन यहाँ भिडभाड लाग्दछ ।जल चढाउन आउने बोलबमका यात्री श्रद्धालुहरु एक दिन अगावै बरमझिया पुगेर विश्राम गर्दै विहानै जल भरी सतोषर महादेवमा चढाउने गर्दै आएको छ । करिव १२ किलोमिटरको यात्राको क्रममा बोलबम तिर्थालुहरुलाई बरमझिया, रघुनाथपुर, बरकुर्वा, सबैला सहितका ठाँउमा स्थानियहरु विभिन्न सेवा र स्वागत गर्ने गर्दछ ।

सतोषर पुग्ने क्रममा बोलबमका तिर्थालुहरुको घुइचो बाटोमा पर्ने रघुनाथपुर स्थित श्री हरिहरनाथ मन्दिरमा पनि लाग्ने गर्दछ । उनीहरु त्यहाँपनि जल अर्पण र दर्शन गर्ने गर्दछ । झन यस वर्ष सो मन्दिरमा पनि शिवलिङ्ग, नन्दी महाराज सहितका देवी देवताको प्रतिमा स्थापित गराईपछि मन्दिरको रौनक बढेको छ ।

बोलबम समान्यता साउन महिनामा हुने भएपनि हाल सबैला नगरपालिकाको सतोषर स्थित सप्तेश्वरनाथमा प्रत्येक वर्ष आनन्द चतुदर्शीको दिन बोलबम मेला लाग्ने गर्दछ ।बोलबममा सहभागि भएर जल चढाउनाले मनोकामना पुरा हुने आस्था अपार रहेकाले यसपालि पनि मेलामा भिडभाड देखिएको छ । सतोषर पुगेपछि मन्दिर छेउमै रहेको एतिहाँसिक सरोबरमा पुनः स्नान गरि विधि पुर्वक काँवरमा ल्याएको जलको पुजापाठ गरि बोलबमयात्रीहरु बाबा सप्तेश्वरनाथ महादेवमा जल अर्पण गर्ने गरेका छन् ।

# राणा परिवारबाट मुसहरलाई नयाँ घर



**मधेशदृष्टि**
**बारा ।**
जीतपुर सिमरा उपमहानगरपालिका वडा नम्बर ६ नगौलमा प्रभु शमशेर जबरा तथा राजी राणा परोपकार निजी गुठीले एकीकृत बस्ती निर्माण गरिदिए पछि मुसहर जातिका २० घरपरिवारले आश्रय पाएका छन् ।



७ कठ्ठा १२ धुर जग्गामा ३ करोड ६० लाख रुपैयाँ लागतमा निर्माण गरिएका २० वटा तीन कोठे पक्की घर शुक्रबार गुठीकी अध्यक्ष राजी राणाले वडा कार्यालयको रेखदेख तथा संरक्षणमा रहने गरी सम्बन्धित परिवारलाई हस्तान्तरण गरे । एकैनासले लहरै घर निर्माण गरिएका छन् । इँट जडान गरेर बनाइएको पक्की घरमा ढलानकै छानो छ ।

एक समान र उही आकारका घरले बस्ती निकै व्यवस्थित देखिएको छ । ढलानकै सिकुवा, सफा आँगन, व्यवस्थित शौचालय र बालबालिका खेल्न मिल्ने फराकिलो ठाउँको प्रबन्ध मिलाइएको छ । नयाँ घरमा सरेपछि बाढीले उठिबास लगाउने हो कि भन्ने पीर हटेको स्थानीय छोटेलाल माझी मुसहरले बताए । उनले अब छोराछोरी धुलोहिलोमा पर्लान् भन्ने पीर हटेको बताए । एक परिवारका लागि दुई सुत्ने कोठा, एक भान्सा घर र शौचालयसहितको व्यवस्थित घर आफूहरूले प्राप्त गरेको मुसहरले बताए ।

गुठीले एकीकृत बस्तीको बीच भागमा बाटो, प्रत्येक घरको आँगनमा खानेपानीको लागि ट्युबेल जडान गरिदिएको छ । वर्षौंदेखि ऐलानी जग्गामा फुसको घरमा बस्दै आएका रन्जित माझी मुसहरले नयाँ पक्की घरमा बस्न पाएपछि खुसी व्यक्त गर्दै आफूहरुले सपनामा पनि नसोचेको उपहार प्राप्त गरेको प्रतिक्रिया दिए । नयाँ घरमा व्यवस्थापन मिलाउन गुठीले प्रत्येक मुसहर परिवारलाई नगद १० हजार रुपैयाँसमेत प्रदान गरेको छ ।

# गौहत्याविरुद्ध वृहत प्रदर्शन



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
हिन्दुधर्मावलम्बीको मातास्वरुपा गाईको हत्या भइरहँदा पनि सरकारले केही नगरेको भन्दै जनकपुरधाममा विरोध प्रदर्शन भएको छ ।
मुलुकमा श्रृंखलावद्धरुपमा गाईको हत्या भइरहेको भन्दै यसप्रति जानकी मन्दिरले आफ्नो ध्यानार्षण भएको जनाउँदै शुक्रबार जनकपुरधाम उपमहानगरमा विरोध प्रदर्शन गरेका हुन् ।जनकपुरधाम स्थित जानकी मन्दिरबाट सुरु भएको विरोध प्रदर्शनले नगरमासमेत प्रदर्शन गर्दै राम चोकमा विरोधसभा परिणत भई समापन भएको छ ।जानकी मन्दिरका उत्तराधिकारी महन्त रामरोशन दास वैष्णवले श्रृंखलावद्धरुपमा गौहत्या भइरहँदा पनि राज्यले राष्ट्रिय जनावरसमेत रहेको हिन्दु धर्ममा गौलाई माता भनिएतापनि राज्यले बेवास्ता गरेको आरोप लगाए ।
उनले गौ हत्यारालाई अविलम्ब कारवाही गर्नसमेत माग गरे ।
उनले धरानदेखि खोटांगसम्म गौ हत्या हुँदा पनि सरकारले कारवाही प्रक्रिया अघि नबढाएको भन्दै तत्काल आन्दोलन गर्ने चेतावनी दिए ।यस क्रममा युवा अभियानी सुशिल कर्णले गाई मुलुकको राष्ट्रिय जनावर रहेकाले यो राष्ट्रियता सवाल रहेको बताए ।
उनले राष्ट्रियतामाथि आँच आउँदापनि सरकारले कानूनी अनुसार कारवाही गर्न नसक्नु दुःदख रहेको बताए ।गाई नेपालको राष्ट्रिय जनावर रहेकाले कानुन अनुसार कारवाही हुनुपर्ने उनको भनाइ छ ।

# राउन्ड टेबल–३ द्वारा विद्यालय भवन हस्तान्तरण



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज राउन्ड टेबल–३ पर्साले वीरगंज महानगरपालिका–२१ को नेपाल राष्ट्रिय माध्यमिक विद्यालय सुखचौनामा निर्माण गरेको भवन हस्तान्तरण गरेको छ । विद्यालयमा आयोजित कार्यक्रममा करिब २५ लाख रुपैयाँ लागतमा निर्माण गरिएको ३ कोठे भवन हस्तान्तरण गरिएको राउण्ड टेबल–का अध्यक्ष अंकुर अग्रवालले बताए । हस्तान्तरण कार्यक्रमलाई सम्बोधन गर्दै पर्सा निर्वाचन क्षेत्र नम्बर १ का सांसद एवम् पूर्वमन्त्री प्रदीप यादवले चालु आर्थिक बर्षमै वीरगंज महानगरपालिकाको सहयोगमा विद्यालयमा थप ४ कोठे भवन निर्माण गर्ने प्रतिवद्धता जनाए ।
सांसद यादवले पर्सालगायत मधेश प्रदेशमा शिक्षाको अवस्था कमजोर रहेको उल्लेख गर्दै भौतिक पूर्वाधार, डेस्क बेञ्च, शौचालय नभएका विद्यालयमा राउन्ड टेबलले गरेको सहयोगको प्रशंसा गरे ।
सांसद यादवले प्रदेश सरकारले सहयोगमा विद्यालयमा उपलब्ध गराइएको ७५ लाख रुपैयाँ बराबरको कम्प्युटर ल्याब् जनशक्ति अभावमा सञ्चालनमा आउँन नसकेकामा चिन्ता व्यक्ति गरे । उनले प्रदेश सरकारसँग समन्वय गरेर सक्दो छिटो कम्प्युटर ल्याब सञ्चालनमा ल्याउन पहल गरिने बताए ।

# हराभरा वीरगंज अभियानका लागि वृक्षारोपण



**मधेशदृष्टि**
**वीरगंज ।**
साहिब बाबाको १ सय २३ औँ अवतरण दिवसका अवसरमा वीरगंजमा वृक्षारोपण गरिएको छ ।
वीरगंजको ठाकुरराम बहुमुखी क्याम्पस पछाडि रहेको साहिब दरबारको जग्गामा विरुवा रोपिएको हो ।
वीरगंज महानगरपालिकाका नगरप्रमुख राजेशमान सिंहले विरुवा रोप्दै वातावरण संरक्षणसँगै वीरगंजलाई हराभरा बनाउन सबैले खाली ठाउँमा वृक्षारोपण गर्नु पर्ने बताए । उनले आफ्नै कार्यकालमा महानगरलाई हराभरा र सुन्दर बनाउने प्रतिबद्धता व्यक्त गर्दै महानगरलाई पर्यटकीय गन्तव्यको रुपमा विकास गर्नुपर्नेमा जोड दिए । नगरप्रमुख सिंहले साहिब बाबाको सन्देशलाई आत्मसात् गर्नुपर्ने र समाजमा शान्ति तथा भाइचारा बढाउनुपर्ने बताउँदै पछिल्लो समय धार्मिक साम्प्रदायिकता भड्काउने र उच्श्रृंखल गतिविधि बढ्दै गएकामा चिन्ता व्यक्त गरे ।
कार्यक्रममा कटहर, निम्बु, मलेसियन, काउली बदाम, रोयल पामलगायतका विभिन्न प्रजातिका विरुवा रोपिएको साहिब दरबार संस्थानका अध्यक्ष उमेशलाल सहनीले जानकारी दिए । कार्यक्रममा जसपाका नेता प्रेमबाबु पटेल, महिला नेतृ रमिता माया गुप्ता, ग्रिनसिटी सामुदायिक सेवा केन्द्र आदर्शनगरका अध्यक्ष जयप्रकाश खेतान, प्रेरणा श्रेष्ठलगायतको उपस्थिति थियो ।
त्यसैगरी, शुक्रबार नै राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति भरतपुर चितवन तथा ग्रीन सिटी सामुदायिक केन्द्र वीरगंजको संयुक्त आयोजनामा वीरगंज महानगरपालिका–४ विर्तामा वृक्षारोपण गरिएको छ । विर्तास्थित गणेशमान चोकदेखि जेल रोडसम्म जाने पक्की सडक तथा गणेशमान चोकदेखि विर्ता बजार जाने सडकको दायाँबायाँ किनारमा म्यागोसितिक, बेलपत्र र कलकी प्रजातिका २ सय विरुवा रोपिएको ग्रिनसिटी सामुदायिक केन्द्रका अध्यक्ष जय प्रकाश खेतानले बताए ।
वृक्षारोपण कार्यक्रमको राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति भरतपुर चितवनका अध्यक्ष किरण पौडेलले शुभारम्भ गरेका थिए । कार्यक्रममा पर्साका सहायक प्रमुख जिल्ला अधिकारी शिव लम्साल, सशस्त्र प्रहरी उपरीक्षक किसान कर्मचार्य, सशस्त्र प्रहरी नायव उपरीक्षक देवेन्द्र बहादुर सिंह, नेपाली सेनाका सेनानी पूर्ण बहादुर चन्दलगायतको सहभागिता थियो ।

# चिकित्सक आक्रमण गर्नेलाई कारबाही माग गर्दै सेवा ठप्प


फाइल फोटो

**मुस्कान श्रेष्ठ**
**वीरगंज ।**
चिकित्सकमाथि भइरहेका आक्रमणको विरोधमा वीरगंजका अस्पताल र क्लिनिकमा शुक्रबार बहिरंग विभाग अर्थात ओपिडी सेवा बन्द गरिएको छ । नेपाल चिकित्सक संघ नारायणी शाखाको आह्वानमा वीरगंजका चिकित्सकले सरकारी तथा निजी अस्पताल, नर्सिङ होम, क्लिनिक र शिक्षण अस्पतालमा ओपिडी सेवा बन्द गरेका हुन् ।
चिकित्सक संघ नारायणीका अध्यक्ष डा. मनोज गुप्ता, सचिव डा. नौसाद हकले संयुक्त विज्ञप्ति जारी गर्दै चिकित्सक र स्वास्थ्य संस्थाहरुमा श्रृंखलाबद्ध रुपमा बढिरहेको घटनाको भ्रत्सना गर्दै ओपिडी सेवा बन्द गरिएको बताए ।
चिकित्सकमाथि भएको कुटपिट र अस्पतालमा गरिएको तोडफोडका घटनामा प्रहरी प्रशासन मूकदर्शक बनेको तथा सरकार र चिकित्सक संघबीच पटकपटक भएको वार्ता र सहमतिका बाबजुद पनि चिकित्सक र स्वास्थ्यकर्मीलगायतका स्वास्थ्य संस्थालाई सुरक्षा गर्न सरकारले प्रभावकारी भूमिका निर्वाह गर्न नसकेको संघले जनाएको छ ।
यसअघि बिहीबार र बुधबार वीरगंजका चिकित्सकले गृहमन्त्री नारायणकाजी श्रेष्ठ र स्वास्थ्यमन्त्री मोहन बस्नेतको राजीनामा माग्दै विरोध जुलुश निकालेर प्रदर्शन गरेका थिए । यसैबीच, गृह सचिव दिनेश भट्टराईले आन्दोलनलाई सर्वसाधारण लक्षित नबनाउन चिकित्सकलाई आग्रह गरेका छन् ।
मणिपाललगायतका अस्पतालमा चिकित्सकमाथि आक्रमण भएपछि देशभरका चिकित्सक आन्दोलनरत छन् । शुक्रबार शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको बैठकमा उपस्थित गृह सचिव भट्टराईले चिकित्सकको मागमा सरकार गम्भीर रहेको बताए ।

## मेडिकल सञ्चालक पक्राउ

**दमौलीः**
आफ्नो अधिकार क्षेत्रभन्दा बाहिर गई बिरामीलाई भर्ना गरी उपचार सेवा प्रदान गरेको अभियोगमा तनहुँको दमौलीस्थित दुई मेडिकल हलका सञ्चालक पक्राउ परेका छन् ।
पक्राउ पर्नेमा व्यास नगरपालिका–३ पराशर टोलस्थित प्रजुन थापा मेडिकल हल सञ्चालक ५२ वर्षीया विष्णु कुमारी गरौजा र अनसनचौतारास्थित मित्रता स्वास्थ्य क्लिनिकका सञ्चालक ४५ वर्षीय चन्द्रबहादुर चौधरी रहेको जिल्ला प्रहरी कार्यालय तनहुँले जनाएको छ । जिल्ला प्रशासन कार्यालय, व्यास नगरपालिका, स्वास्थ्य कार्यालय, दमौली अस्पताल, जिल्ला प्रहरी कार्यालयलगायतको अनुगमन टोलीले उनीहरूलाई बिहीबार पक्राउ गरेको प्रहरी नायब उपरीक्षक मोहनबहादुर खाँणले जानकारी दिए ।
प्रजुन थापा मेडिकल हलले क्लिनिक दर्ता गरी फार्मेसीमा बिरामी जाँच गरेको र बिरामीलाई ‘इन्जेक्सन’मार्फत उपचार गराएको प्रहरीको भनाइ छ ।
त्यस्तै मित्रता स्वास्थ्य क्लिनिकले डाक्टर नभएको आफैँ औषधि सिफारिस गरेको, डेङ्गु सङ्क्रमित बिरामीलाई इन्जेक्सन, ट्याब्लेट र एन्टिब्योटिक्सको माध्यमबाट उपचार गराएको प्रहरीको भनाइ छ । उनीहरूविरुद्ध बिहीबार नै तनहुँ जिल्ला अदालतबाट इलाजसम्बन्धी कसुरमा चार दिनको म्याद थप गरिएको छ ।

# समाजवादीको जागरण अभियान




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेकपा एकीकृत समाजवादीले असोज १४ गतेदेखि समाजवादी जागरण अभियान–२०८० सञ्चालन गर्ने भएको छ ।
असोज १४ गते झापाको काँकडभिट्टास्थित मेची नदीबाट बिहान ९ बजेदेखि सुरु हुने अभियान असोज २९ गते सुर्खेत पुगेर सभा गरी सम्पन्न हुने बताइएको छ ।
अभियानक्रममा ठाउँठाउँमा साना ठूला सभा गर्ने र आफ्ना एजेण्डा जनतालाई सुनाउने तथा समृद्धि र समाजवादको आजको कार्यक्रम के हुनसक्छ भनेर बताउने तथा जनताको सुझाव लिएर अझ स्पष्टताका साथ आउन पहलकदमी गर्नेसम्मका छन् ।
अभियानले सुशासन, रोजगारी समृद्धि त्यसभित्रका महत्वपूर्ण कृषि क्रान्ति सीमारक्षा, किसानले उत्पादन गरेको वस्तु सरकारले खरिद गर्नुपर्ने, कृषि मूल्य निर्धारण गर्नुपर्ने, किसानले आफूले उत्पादन गरेका सामान सरकारले किनेर बचत गर्ने परिस्थिति निर्माण गर्नुपर्ने तथा आत्मनिभर नेपाल बनाउने सन्देश दिने बताइएको छ ।
एकीकृत समाजवादीले आगामी माघ १४ देखि १८ गतेसम्म महाधिवेशन गर्ने भएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क मो. नं. ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम-२, भानु चोक, किशोरी नगर, फोन नं. ०४१-५९०२८९, E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन